Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.




◆ वर्ष १५ ◆ अङ्क ४४६६ ◆ २०८१ मंसिर १८ गते मंगलबार ◆ ने.सं. ११४५ ◆ पृष्ठ ८ ◆ Tuesday, December 03, 2024 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com



**कोइलाखानीबाट कोइला निकाल्दै श्रमिक** : दाङको घोराही उपमहानगरपालिका-१९ स्थित सैघाको राम्चेमा रहेको खानीभित्रको साँघुरो सुरुङबाट बोरामा भरेको कोइला निकाल्दै श्रमिक । तस्बिरः रासस

## स्थानीय तह उपनिर्वाचन कहाँ कसको जित ?

■ आर्थिक संवाददाता
काठमाडौं, मंसिर १७

स्थानीय तहको रिक्त ४१ पदका लागि आइतबार भएको उपनिर्वाचनमा सोमबार राति यो समाचार तयार पार्दासम्म ३९ स्थानको नतिजा आएको छ । उपनिर्वाचनमा तीन ठूला दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रको नतिजा केही अदलबदल भए पनि उनीहरु नै मुख्य शक्तिको रूपमा देखिएका छन् । तीनवटै दलले यसअघि जितेका केही स्थान गुमाएका छन् भने केही नयाँ स्थानमा जित हासिल गरेका छन् ।

**कहाँ को निर्वाचित ?**

निर्वाचन आयोगले सार्वजनिक गरेको नतिजाअनुसार कीर्तिपुर नगरपालिकाको प्रमुखमा कांग्रेसका कृष्णमान डङ्गोल विजयी भएका छन् । उनले पाँच हजार तीन सय ३४ मत ल्याई विजयी भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी माओवादीका शिवशरण महर्जनले चार हजार पाँच सय ५५ मत ल्याए भने एमालेका सुरेन्द्र मानन्धरले चार हजार तीन सय ३७ मत ल्याए । कीर्तिपुर नगरपालिका-१ मा कांग्रेसका इच्छाकुमार महर्जन पाँच सय ६२ मत पाई निर्वाचित भए भने एमालेका हर्ष महर्जनले चार सय ९८ मत मात्रै पाए । यस्तै वडा नं ४ मा कांग्रेसका राजेन्द्र बानियाँ विजयी भए । उनले सात सय ४२ मत पाउँदा स्वतन्त्र उम्मेदवार पविता खड्का (अधिकारी)ले चार सय ९५ मत पाइन् ।

काठमाडौं महानगरपालिका-१६ मा रास्वपाकी रोजिना श्रेष्ठले दुई हजार नौ सय दुई मत प्राप्त गरी विजयी हुँदा उनका प्रतिस्पर्धी एमालेका लक्ष्मीरत्न तुलाधरले दुई हजार दुई सय २० मत प्राप्त गरी पराजित भए ।

मोरङको ग्रामथान गाउँपालिकाको अध्यक्षमा माओवादी केन्द्रका नमोनारायण माझी छ हजार नौ सय ६९ मत प्राप्त गरी विजयी भएका छन् । उनका प्रतिस्पर्धी कांग्रेसका बलराम सरदार थारूले पाँच हजार तीन सय ३३ मत पाए । दैलेखको महाबुँ गाउँपालिकाको अध्यक्षमा एमालेका जङ्गबहादुर शाही तीन हजार एक सय २७ मतसहित विजयी भए भने उनका प्रतिस्पर्धी कांग्रेसका झलकबहादुर भण्डारीले दुई हजार छ सय ७५ मत प्राप्त गरे ।




जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुखमा माओवादीका देवका लामिछाने चार हजार दुई सय ७२ मत पाई निर्वाचित भएका छन् । रूकुम (पूर्व भाग)को पुथा उत्तरगङ्गा गाउँपालिकाको उपाध्यक्षमा माओवादी केन्द्रका नरपुर बुढा तीन हजार छ सय २७ मत ल्याएर विजयी भए । यस्तै बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्षमा एमालेका सुलोचनाकुमारी भण्डारी विजयी भए । उनले एक हजार सात सय ४० मत ल्याएका छन् । ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका-३ मा एमालेका कुमारी सावादेन तीन सय ५३ मतसहित विजयी भएकी छन् ।

दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्षका उम्मेदवार एमालेकी उमा लुङ्गेली मगर शेर्पाले विजयी हासिल गरेकी छन् । उनले माओवादी उम्मेदवारलाई दुई सय पाँच मतान्तरले हराउँदै विजयी भएकी हुन् ।

झापाको कन्काई नगरपालिका वडा नं ६ मा स्वतन्त्र उम्मेदवार लक्ष्मीप्रसाद ओली चार सय ९३ मत प्राप्त गरी विजयी भएका छन् । उनको प्रतिद्वन्द्वी एमालेका तुलाराम बस्नेतले तीन सय ५६ मत पाएका छन् । तेह्रथुमको लालीगुराँस नगरपालिका-८ मा कांग्रेसका नगेन्द्र लिम्बू चार सय ४० मत प्राप्त गरी विजयी भए ।

सुनसरीको गढी गाउँपालिका-६ मा कांग्रेसका तेतर साहु आठ सय १६ मत प्राप्त गरी विजयी हुँदा माओवादी केन्द्रका कुशेश्वर खेरवार सात सय ९४ मत प्राप्त गरी पराजित भए । ओखलढुङ्गाको मोलुङ गाउँपालिका-५ मा एमालेका गङ्गाबहादुर तामाङ तीन सय ९९ मत प्राप्त गरी विजयी भएका छन् । उदयपुरको त्रियुगा नगरपालिका-१२ मा माओवादी केन्द्रका नवीनकुमार वान्तवा राई विजयी भए ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका-१ को वडाध्यक्षमा जनता समाजवादी पार्टी, नेपालका धीरेन्द्रकुमार साह निर्वाचित भएका छन् । उनीसँग कांग्रेसका भूलियादेवी थरूनी पाँच सय ८७ मत मात्र प्राप्त गरी पराजित भइन् । डाक्नेश्वरी-४ मा जनता समाजवादी पार्टी नेपालकै देवेन्द्रप्रसाद यादव तीन सय ७२ मत प्राप्त गरी विजयी भए । उनको प्रतिस्पर्धी कांग्रेसका जोगिन्द्रराय अमातले दुई सय ७७ मत पाए । धनुषाधाम नगरपालिका-१ मा माओवादी केन्द्रका सुनील कापर केवट छ सय ८४ मतसहित विजयी भएका छन् ।

➤ बाँकी पृष्ठ २ मा

## कृषिवस्तु उत्पादन वृद्धि गर्न विशेष क्षेत्र घोषणा गरिने

काठमाडौं, मंसिर १७ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विभिन्न प्रदेशका कृषिवस्तु उत्पादनका आधारमा विशेष क्षेत्र घोषणा गर्ने भएको छ ।

सरकारले चालू आर्थिक वर्षदेखि १० वर्षलाई घोषणा गरेको कृषिमा लगानी दशकमा सम्बन्धित प्रदेशको भूगोल, बजार सम्भाव्यता, कृषि उत्पादन तथा उपजका आधारमा मन्त्रालयले विशेष क्षेत्र तोक्न लागेको हो । यस कार्यका लागि सातै प्रदेशमार्फत सुझाव सङ्कलन सुरू गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए ।

प्रदेशले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी पालिकासम्मको सूचना सङ्कलन गरी मन्त्रालयलाई सुझाव दिने जनाइएको छ । उनका अनुसार तीनवटै तहका सरकारले कृषि उत्पादनको प्रशोधन, भण्डारण, बजारीकरण र औद्योगिकीकरण प्रवर्द्धन गर्ने एकीकृत नीति बनाएर सरकारले गैरसरकारी क्षेत्र, निजी क्षेत्र, विकास साझेदार, किसान र व्यवसायीको समन्वय र सहकार्यमा १० वर्षे कार्यक्रमलाई सफल बनाउने रणनीति तयार गरेको छ ।

मन्त्रालयले कृषि लगानी दशक घोषणालाई सार्थक बनाउन अन्तरमन्त्रालयअन्तर्गत सरकार र अन्तरनिकाय सबैलाई आह्वान गरेको छ । फरक-फरक प्रदेशका अलग कृषि उत्पादन तथा उपज प्रशोधन, निर्यात गर्नेलाई

➤ बाँकी पृष्ठ २ मा

ई-पेपर हेर्नको लागि

## जलविद्युत्मा लगानी गर्न विपन्न वर्गलाई सरकारले विनाधितो कर्जा दिने

■ आर्थिक संवाददाता
काठमाडौं, मंसिर १७

सरकारले जलविद्युत् आयोजनामा लगानी गर्न विपन्न वर्गलाई विनाधितो कर्जा उपलब्ध गराउने भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले विपन्न नागरिकलाई विनाधितो सहुलियत दरमा कर्जा उपलब्ध गराउने व्यवस्था गर्न लागेको हो । नागरिकको जीवनस्तर सुधार्दै देशलाई समृद्ध बनाउन 'जनताको जलविद्युत् कार्यक्रम' अन्तर्गत विपन्न नागरिकलाई जलविद्युत् आयोजनाहरूको सेयर सुनिश्चित गर्नका लागि सहुलियत ब्याजदरमा विनाधितो कर्जा उपलब्ध गराउने भएको हो ।

यसका लागि मन्त्रालयले 'जनताको जलविद्युत् कार्यक्रम सञ्चालन व्यवस्थापन कार्यविधि' संशोधन गरिएको छ । जसमा गरिब तथा विपन्न घरधुरीका लागि आयोजनाको क्षमता हेरेर दुई लाखदेखि पाँच लाख रूपैयाँसम्म विनाधितो सहुलियत कर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्काले प्राकृतिक स्रोतमाथिको अधिकार सबै नागरिकमा समान हुने भएकाले आर्थिक हिसाबले विपन्न नागरिकलाई जलविद्युत् उत्पादनमा समेट्ने उद्देश्यले सहुलियत दरको कर्जा उपलब्ध गराउन लागिएको बताए । मन्त्री खड्काले सोमबार मन्त्रालयमा पत्रकार सम्मेलन गरी स्रोतमाथिको अधिकार सबै नागरिकमा सुनिश्चित गर्न गरिब तथा विपन्न घरधुरीलाई विनाधितो सहुलियत कर्जाको व्यवस्था गरिएको बताएका हुन् । 'स्रोतमाथिको अधिकार सबै नागरिकको हुनुपर्छ, गरिब तथा विपन्न वर्गलाई अगाडि बढाउन नसकेसम्म हामीले परिकल्पना गरेको समृद्धि हासिल हुन सक्दैन', ऊर्जामन्त्री खड्काले भने ।

नेपाल सरकारले परिभाषा गरेका र स्थानीय तहले सिफारिस गरेका विपन्न नागरिकलाई प्राथमिकता दिएर काम गर्नेगरी कार्यविधि ल्याइएको मन्त्री खड्काले बताए । उनले संख्याका आधारमा भन्दा पनि घरधुरीको आधारमा सेयर उपलब्ध गराउने व्यवस्था गरिने बताए ।

'यो एउटा आर्थिक क्रान्ति हो, यसले विपन्न वर्गलाई अगाडि बढाउँदै समृद्ध मुलुक निर्माणमा सहयोग पुऱ्याउँछ, सरकारले तल्लो वर्गका नागरिक र न्यून आय भएका राष्ट्रसेवक कर्मचारीलाई लक्षित गरी यो कार्यविधि संशोधन गरेको हो', उनले भने ।

सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य सरकारको छ । यही कारण नीतिगत व्यवस्थाहरूमा सुधार गर्दै लैजाने मन्त्री खड्काले बताए । सुरूमा आयोजना प्रभावित जिल्ला र प्रसारण लाइन रहेका जिल्लाका विपन्न बासिन्दाले आयोजनाको सेयरमा लगानी गर्नका लागि विनाधितो सहुलियत ब्याजदरको कर्जा उपलब्ध गराउने छ । पछि बिस्तारै उक्त व्यवस्थालाई देशभर लागू गरिने मन्त्रालयले जनाएको छ ।

सेयर खरिदका लागि

➤ बाँकी पृष्ठ २ मा

## सेयरबजारमा साढे १० अर्ब बढीको कारोबार

■ आर्थिक संवाददाता
काठमाडौं, मंसिर १७

सेयरबजारमा सोमबार १० अर्ब ५४ करोड १७ लाख रूपैयाँबराबरको दुई करोड ३० लाख ११ हजार तीन सय ६१ कित्ता सेयर किनबेच भयो । पाँचवटा कम्पनीको सेयरकारोबार सकारात्मक सर्किट लेबलमा भयो ।

कारोबार सुरू भएपछि केही समयमै ३५ अङ्क बढेको नेप्से त्यसपछि केही घट्यो । बजार बन्द हुँदा १९ दशमलव ९७ अङ्कले बढेर दुई हजार सात सय ५८ विन्दुमा कायम भयो । कारोबार भएका दुई सय ४४ कम्पनीमध्ये एक सय २६ वटाको सेयरमूल्य बढेको छ भने एक सय ११ वटाको घटेको छ । बाँकी सातवटाको स्थिर रहेको छ ।

बैंकिङ समूह शून्य दशमलव ५९ प्रतिशत, विकास बैंक एक दशमलव ७२, फाइनान्स एक दशमलव ९७ र अन्य समूह शून्य दशमलव ३६ प्रतिशतले घटेको छ । अरू सबै समूह बढेका छन् । सबैभन्दा धेरै व्यापार समूह नौ दशमलव ७० प्रतिशत र होटल तथा पर्यटन समूह चार दशमलव ९९ प्रतिशत बढेको छ । त्यस्तै, जलविद्युत् शून्य दशमलव ६२, लगानी शून्य दशमलव ६०, जीवन बीमा एक दशमलव ९१, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १५, लघुवित्त शून्य दशमलव १५, म्युचुअल फन्ड शून्य दशमलव ४१ र निर्जीवन बीमा शून्य दशमलव २० प्रतिशतले बढेको छ ।

तारागाउँ होटल रिजेन्सी लिमिटेड, विशालबजार कम्पनी लिमिटेड र खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको सेयरमूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै

➤ बाँकी पृष्ठ २ मा

## प्रधानमन्त्री ओली बेइजिङमा

काठमाडौं, मंसिर १७ । प्रधानमन्त्री केपी शर्मा ओली चार दिने औपचारिक भ्रमणका लागि सोमबार बेइजिङ पुगेका छन् । चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री ओली बेइजिङ पुगेका हुन् । प्रधानमन्त्री ओलीलाई बेइजिङ क्यापिटल अन्तर्राष्ट्रिय विमानस्थलमा चिनियाँ कम्युनिस्ट पार्टीका वैदेशिक मामिलाका उपमन्त्री सुन बेइदोङले स्वागत गरेका छन् ।

भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले आज (मंगलबार) चीनका राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता गर्ने कार्यक्रम छ । यस्तै प्रधानमन्त्री ओलीले मंगलबार नै आफ्ना चिनियाँ समकक्षी लीसँग भेटवार्ता गर्नेछन् । सो भेटवार्तामा द्विपक्षीय हितका विषयमा छलफल हुनेछ । प्रधानमन्त्री ओलीसँग चीनको राष्ट्रिय जनकांग्रेसका स्थायी समितिका



अध्यक्ष झाओ लेजीले समेत भेट्ने कार्यक्रम रहेको छ ।

प्रधानमन्त्री ओलीले बुधबार चीनको पेकिङ विश्वविद्यालयमा सम्बोधन गर्नेछन् । यस्तै बेइजिङस्थित नेपाली राजदूतावास, चाइना काउन्सिल फर द प्रमोसन अफ इन्टरनेसनल ट्रेड र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुने नेपाल-चीन व्यापार मञ्चलाई सम्बोधन गर्नेछन् ।

प्रधानमन्त्री ओलीका साथमा उनकी धर्मपत्नी राधिका शाक्य पनि छन् । त्यस्तै प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडा, संसद्हरु, विशिष्ट श्रेणीका सरकारी अधिकारीहरु, निजी क्षेत्रका प्रतिनिधिहरु, सञ्चारकर्मीहरु छन् ।

प्रधानमन्त्री ओलीसहितको प्रतिनिधिमण्डल यही मंसिर २० गते स्वदेश फर्कने तालिका छ ।

## बैंकिङ प्रणालीमा निक्षेप पठाउँदै राष्ट्र बैंक

■ आर्थिक संवाददाता
काठमाडौं, मंसिर १७

बैंकिङ प्रणालीमा अहिले प्रशस्त तरलता छ । बैंकहरूले कर्जा विस्तार गर्न नसक्दा राष्ट्र बैंकले अर्बौं रूपैयाँ प्रणालीबाट तानेर व्यवस्थापन गरिरहेको छ । आइतबार मात्रै पनि राष्ट्र बैंकले ५० अर्ब निक्षेप सङ्कलन गर्न आवेदन माग्दा बैंकहरूले ६४ अर्ब ५५ करोड राख्न तयार भएका थिए । यसले बैंकहरूसँग लगानीयोग्य रकम प्रशस्त रहेको देखाउँछ ।

राष्ट्र बैंकको तथ्याङ्कअनुसार वित्तीय प्रणालीमा अहिले ६६ खर्ब ३७ अर्ब रूपैयाँ निक्षेप छ । यस्तै बैंक तथा वित्तीय संस्थाले ५३ खर्ब दुई अर्ब रूपैयाँ कर्जा प्रवाह गरेका छन् । बैंकहरूले कुल निक्षेपको ९० प्रतिशतसम्म कर्जा प्रवाह गर्न पाउँछन् । तर, अहिलेसम्म जम्मा ७८ दशमलव ५५ प्रतिशत मात्रै कर्जा प्रवाह भएको तथ्याङ्कमा देखिन्छ । यस आधरमा बैंकहरूसँग अहिले छ खर्ब ७१ अर्ब रूपैयाँ हाराहारी लगानीयोग्य पैसा छ ।

वाणिज्य बैंकहरूले अहिलेसम्म ५९ खर्ब तीन अर्ब रूपैयाँ निक्षेप सङ्कलन गरी ४६ खर्ब ९६ अर्ब कर्जा लगानी गरेका छन् । यस्तै विकास बैंक र फाइनान्स कम्पनीहरूले सात खर्ब ३४ अर्ब निक्षेप सङ्कलन गरी छ खर्ब छ अर्ब कर्जा लगानी गरेका छन् ।

कर्जा विस्तार न्यून हुँदा प्रणालीमा लगानीयोग्य रकम प्रशस्त छ । बैंकहरूले स्थायी निक्षेप सुविधा उपयोग गर्दै खर्बौं रूपैयाँ राष्ट्र बैंकलाई दिँदै आएका छन् । यस्तो बेला राष्ट्र बैंकले

➤ बाँकी पृष्ठ २ मा

# Invitation for Bids

## Kalaiya Sub Metropolitan City
## Office of Municipal Executive

Madhesh Province
Kalaiya, Bara

### NOTICE OF INVITATION FOR BIDS

Date of Publication: 2081/08/18 (3rd Dec 2024)

1. Kalaiya Sub Metropolitan City, Kalaiya, Bara invites electronic bids from eligible Nepalese bidders for the following works and supply of goods:

| S. N. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Bid Validity Period | Estimate amount without VAT | Bid Security Amount (NRs.)/ Validity Period | Published |
|---|---|---|---|---|---|---|---|
| 1 | KSMC/NCB/ WORKS/- 02-081/82 | CHHATHIYA POKHARI PARK CONSTRUCTION WORK, W.N. 07 | 5,000 | 90 days | | 4,31,000.00 / (90+30) = 120 days | First Time |
| 2 | KSMC/NCB/ WORKS/-03- 2081/082 | Construction of Krishi Bazar Purwadhar Nirman ( Kalaiya Sadarmukha) | 3,000 | 90 days | 12852853.35 | 3,22,000.00 / (90+30) = 120 days | First Time |
| 3 | KSMC/NCB/ WORKS/-04- 2081/082 | Construction of Town Hall Phase 03 | 3,000 | 90 days | 11540976.17 | 2,90,000.00 / (90+30) = 120 days | First Time |
| 4 | KSMC/NCB/ GOODS/-04- 081/082 | Procurement of 4WD Hardtop SUV | 3,000 | 90 days | 1,01,76,991.15 | 2,54,425.00 / 120 days | Second Time/ Re-Bid |
| | Deadline for Bid Submission: | 2081/09/18 (2nd Jan 2025) till 12:00 Noon | | | | | |
| | Date, Time and Place of Bid Opening: | 2081/09/18 (2nd Jan 2025) 2:00 PM at Kalaiya Sub Metropolitan City, Kalaiya, Bara | | | | | |
| | Account Number for Bid Document Purchase: | Name of Bank: Rastriya Banijya Bank, Kalaiya<br>Name of Office: Office of Kalaiya Sub-Metropolitan City, Kalaiya Bara<br>Office Account no.: 1260100301010004 | | | | | |
| | Account Number for Bid Security Deposit: | Name of Bank: Rastriya Banijya Bank, Kalaiya<br>Name of Office: Office of Kalaiya Sub-Metropolitan City, Kalaiya Bara<br>Office Account no.: 1260100303000004 | | | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Kalaiya Sub Metropolitan City, Kalaiya, Bara or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: www.bolpatra.gov.np/egp as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

**Chief Administrative Officer**

## जलविद्युत्मा...

आयोजना निर्माण हुने जिल्लाभित्रका आर्थिकरूपले विपन्न पिछडिएका र गरिब नागरिकलाई बैंक तथा वित्तीय संस्थामार्फत शतप्रतिशत विनाधितो सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउनका लागि कम्पनीले मन्त्रालयको सहयोग लिई आवश्यक व्यवस्था मिलाउने कार्यविधिमा उल्लेख छ ।

स्थानीय सरकारले दिएको घरधुरीको संख्याअनुसार गरिब तथा अति विपन्न वर्गको पहिचान गरी उनीहरूको सेयरको सुनिश्चितता सरकारले लिने मन्त्री खड्काले जानकारी दिए । सरकारले जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत देशभर २२ जलविद्युत् आयोजनालाई अगाडि सारेको छ । जसमा माथिल्लो त्रिशूली, माथिल्लो अरूण, अरूण किमाथांका, घुन्साखोला, सिम्बुवाखोला, रसुवागढी, सान्जेन, अपर सेती, बुढीगण्डकी, भेरी बबई डाइभर्सन, चैनपुर सेतीलगायत छन् ।

यो कार्यक्रम सञ्चालनमा आएपछि गरिबीको रेखामुनि रहेका लक्षित वर्गको आर्थिक एवं सामाजिक जीवनस्तरमा सुधार आउने र समग्रमा राष्ट्रिय मानव विकास सूचकाङ्कमा सकारात्मक प्रभाव पार्ने मन्त्रालयले जनाएको छ ।

## कृषिवस्तु...

उत्पादित उपजका आधारमा कर्जामा ब्याज अनुदान र मल, बीउ प्रदान गरिनेछ ।

कृषि मन्त्रालयको बजेट चालू आर्थिक वर्ष २०८१/८२ मा ५७ अर्ब २९ करोड रूपैयाँ छ । यो अघिल्लो वर्षको तुलनामा एक अर्ब ६९ करोड रूपैयाँ कम हो । आर्थिक वर्ष २०८०/८१ मा ५८ अर्ब ९८ करोड रूपैयाँ थियो । रासस

## सेयरबजारमा...

नेपाल फाइनान्स लिमिटेडका सेयरधनीले आठ दशमलव ७२ प्रतिशतले गुमाएका छन् ।

लगानीकर्ताको सम्पत्ति सोमबार मात्रै ३३ अर्ब रूपैयाँ बढेको छ । बजार पुँजीकरण ४५ खर्ब ७२ अर्ब रूपैयाँ पुगेको छ । सर्वसाधारण लगानीकर्तासँग रहेको साधारण सेयरको बजार पुँजीकरण तीन अर्ब रूपैयाँ बढेर १५ खर्ब २२ अर्ब रूपैयाँ पुगेको छ ।

## बैंकिङ..

प्रणालीमा निक्षेप पठाउन लागेको छ । केन्द्रीय बैंकले सोमबार सूचना जारी गर्दै चार अर्ब चार करोड ७९ लाख रूपैयाँ मुद्दती निक्षेप लगानी गर्न लागेको छ ।

राष्ट्र बैंकले तोकिएका सर्तहरु पूरा गरेका बैंक तथा वित्तीय संस्थाले आफूले लिन चाहेको निक्षेप रकम र उक्त रकमको लागि ब्याजदर तोकेर प्रस्ताव पेस गर्नसक्ने जनाएको छ । यस्तो प्रस्ताव २०८१ मंसिर १९ गते राति १२ बजेभित्र प्राप्त हुनेगरी पेस गर्नुपर्नेछ ।

राष्ट्र बैंकले २०२४ डिसेम्बर १६ देखि २०२५ डिसेम्बर १७ सम्म तीन सय ६६ दिनका लागि मुद्दती निक्षेपमा सो पैसा राख्न लागेको हो । राष्ट्र बैंकले वाणिज्य बैंकहरूमा तीन अर्ब २३ करोड ८५ लाख रूपैयाँ, राष्ट्रियस्तरका विकास बैंकहरूमा ६० करोड ७१ लाख रूपैयाँ र राष्ट्रिय स्तरका फाइनान्स कम्पनीहरूमा २० करोड २३ लाख रूपैयाँ निक्षेप राख्न लागेको जनाएको छ ।

राष्ट्र बैंकले तोकेको न्यूनतम पुँजीकोष कायम गरेको, कर्जा निक्षेप अनुपात सीमाभित्र रहेको, निष्क्रिय कर्जा कुल सापटीको पाँच प्रतिशतभन्दा कम रहेको, खुद तरलता सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा २० प्रतिशत वा सोभन्दा बढी भएको, गत आर्थिक वर्षमा मुनाफामा रहेको, रियल स्टेट कर्जा तोकिएको सीमाभन्दा बढी नभएको, कुनै पनि जरिबानामा नपरेको र शीघ्र सुधारात्मक कारबाहीमा परेको भए कारबाही फुकुवा भएको कम्तीमा छ महिना पूरा भएको लगायत सर्त पूरा गरेका बैंक तथा वित्तीय संस्थाले निक्षेप लिनका लागि आवेदन दिन सक्नेछन् ।

## स्थानीय...

महोत्तरीको रामगोपालपुर नगरपालिका-२ को वडाध्यक्षमा एमालेका सकिवुल खाँ छ सय ३१ मत प्राप्त गरी निर्वाचित भए । रौतहटको ईशनाथ नगरपालिका-७ मा कांग्रेसका शेख अब्दुल खलिक छ सय २७ मतसहित विजयी हुँदा एमालेका शेख अनवार पाँच सय ७५ मत प्राप्त गरी पराजित भए ।

गढीमाई नगरपालिका-८ एकीकृत समाजवादीका बजरङ्गी प्रसाद यादवले छ सय ५५ मत प्राप्त गरी निर्वाचित भएका छन् । रौटहटकै राजपुर नगरपालिका-६ को वडाध्यक्षमा कांग्रेसका समसे आलम सात सय ४४ मतसहित विजयी हुँदा माओवादीका जिकरलाह चार सय ६३ मत पाई पराजित भए ।

नुवाकोटको ककनी गाउँपालिका-२ मा माओवादी केन्द्रका कृष्ण घिमिरे एक हजार ८५ मत प्राप्त गरी विजयी भएका छन् भने कांग्रेसका सूर्य तामाङले पाँच सय ८७ मत प्राप्त गरे ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका १२ को वडाध्यक्षमा कांग्रेसका अर्जुनप्रसाद तिवारी दुई हजार ६३ मतसहित विजयी भएका छन् । उनको प्रतिस्पर्धी माओवादीका रविकुमार प्रधान एक हजार पाँच सय ६० मतसहित पराजित भए । गोरखाको गोरखा नगरपालिका-५ को वडाध्यक्ष पदमा माओवादीका विष्णुबहादुर मगर चार सय ८६ मत प्राप्त गरी निर्वाचित भए ।

गुल्मीको मुसिकोट नगरपालिका-१ को वडाध्यक्षमा कांग्रेसका आनन्द श्रेष्ठले एक हजार एक सय ८४ मत प्राप्त गरी विजयी भए । कपिलवस्तुको शुद्धोधन गाउँपालिका- १ मा एमालेका मोहमद ताहिर मुलसलमाले एक हजार एक सय ५० मतसहित विजयी भए । रोल्पाको रून्टीगढी गाउँपालिका-४ मा कांग्रेसका भूपमणि पुनमगर छ सय ४३ मतसहित विजयी हुँदा एमालेका वेगम पुनले पाँच सय ३५ मत पाए ।

बर्दियाको ठाकुरबाबा नगरपालिका-४ मा कांग्रेस उम्मेदवार अमिन थारू एक हजार ४३ मत ल्याएर विजयी भए । उनका प्रतिस्पर्धी शेरबहादुर थारूले छ सय ७८ मत पाए । डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-५ को वडाध्यक्षमा माओवादीका नरबहादुर झाँक्री एक सय ६१ मतसहित निर्वाचित भए । कालिकोटको तिलागुफा नगरपालिका-४ मा नेपाल मजदुर किसान पार्टीका खड्गराज शाही एक सय ४३ मतसहित विजयी भए । जाजरकोटको कुशे गाउँपालिका-७ मा कांग्रेसका खम्बबहादुर सिंह तीन सय ४७ मत ल्याएर विजयी हुँदा माओवादीका गोरखबहादुर नेपालीले तीन सय ३२ मत पाए ।

दैलेखको दुल्लु नगरपालिका-१३ को वडाध्यक्षमा एमालेका लालबहादुर शाही पाँच सय ७४ मत ल्याएर विजयी भए । रूकुम (पश्चिम भाग) को सानीभेरी गाउँपालिका-५ मा कांग्रेसका मोतीराम खत्री पाँच सय ९० मतका साथ निर्वाचित भए । बझाङको सूर्मा गाउँपालिका-४ को वडाध्यक्षमा कांग्रेसका धीरेन्द्र पुजारा छ सय ५७ मतसहित विजयी भए । यस्तै डोटीको पूर्वीचौकी गाउँपालिका-६ मा कांग्रेसका मोहन थापा चार सय ६८ मतका साथ निर्वाचित भएका छन् ।

दार्चुलाको दुहुँ गाउँपालिका-५ मा कांग्रेसका धनसिंह कुँवर तीन सय ७६ मतसहित विजयी हुँदा प्रतिस्पर्धी एमालेका मानसिंह बडाल तीन सय ५८ मतमा सीमित भए । कञ्चनपुरको भीमदत्त नगरपालिका-६ को वडाध्यक्षमा कांग्रेसका प्रकाश चन्द एक हजार एक सय सात मतसहित निर्वाचित भए । उनका प्रतिस्पर्धी एमालेका बहादुर चन्दले चार सय ८७ मत ल्याए । हुम्लाको सर्केगाड गाउँपालिकाको उपाध्यक्षमा नेकपा (माओवादी केन्द्र)की देवकी तिमल्सिनाले अग्रता कायम गरिरहेकी छिन् । उनको निकटतम प्रतिस्पर्धी कांग्रेसकी सविता बुढा छिन् ।

उदयपुरको बेलका नगरपालिका वडा नं ९ को मतगणना सोमबार साँझ ५ बजेदेखि मात्रै सुरू भएको छ । सो वडामा एमालेका मोहन खड्का, कांग्रेसका नवराज बस्नेत, माओवादी केन्द्रका भरत घिमिरे, राष्ट्रिय स्वतन्त्र पार्टीका तेजमान विश्वकर्मा, राष्ट्रिय प्रजातन्त्र पार्टीका टीकाप्रसाद फुयाँल, मङ्गोल नेसनल अर्गनाइजेसनका सुरे तामाङ र जनता समाजवादी पार्टीका राजकुमार राई उम्मेदवार छन् ।

### हकदावीको सूचना

तनहुँ जिल्ला, तनहुँसुर गा.वि.स वडा नं. ०८ बस्ने श्री मुक्तिनाथ आचार्यको नाति, श्री गंगा प्रसाद आचार्यको छोरा, श्री गजाधर आचार्यको मिति २०८०/०९/१३ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको खाता नं. ०२१०५०८००७८४५४ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती राधिका देवि आचार्यले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक वाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, गोगंबु, काठमाडौं,
फोन न.: ४९६५३१८,४९६५३२७

### ग्लोबल आइएमई बैंक लि.

### निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको पुर्चौंडी शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी जाइमती बोहराको मिति २०८१/०६/२९ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पति अँके बोहराबाट मिति २०८१/०७/३० मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
पुर्चौंडी शाखा
फोन नं. ०९६-६९०८०८
ग्लोबल कनेक्ट : ०१-५९७०६००

### भुल सुधार

यस ज्योति विकास बैंक लिमिटेडबाट मिति २०८०/०६/०१ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचनामा शाखा कार्यालय जाजरकोटको ऋणी कमारो नेपालीले यस विकास बैंकमा उपलब्ध गराउनु भएको नागरिकताको प्रमाणपत्र अनुसार निजको नागरिकता जारी मिति २०४४/११/२७ हुनुपर्नेमा अन्यथा हुन गएको उपरोक्त अनुसार हुने गरी भुल सुधार गरिएको छ ।

ज्योति विकास बैंक लि. JYOTI BIKASH BANK LTD. More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जाजरकोट, फोन नं. ०८९-४३०२८१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

### कम्पनीको नाम परिवर्तनको सूचना

यस कम्पनीको मिति २०८१/०८/०४ मा बसेको विशेष वैठकको निर्णय बमोजिम साविकको कम्पनी **एम पि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिनं व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०८१/०८/१२ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **"एम पि ग्रोसरी सप प्रा लि."** (प्रा.लि.नं. २०१२७७/०७५/०७६) कायम गरिएको व्यहोरा जानकारी गराइन्छ ।

### नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८१/०८/१० मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार तथा मिति २०८१/०८/१६ गतेको कम्पनी रजिष्ट्रार कार्यालयको स्वीकृति अनुरुप साविक कम्पनी **एड्भेन्चर सिटी पार्कस् प्रा.लि. (Adventure City Parks Pvt. Ltd.)** (प्रा.लि.नं. २८२६४७/०७८/०७९) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन कर दायित्व आदी परिवर्तित नाम **नोर्सि होटल प्रा.लि. (Norsi Hotel Pvt. Ltd.)** कम्पनीले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

## जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
## JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्था)
कटहरी, मोरङ्ग, कोशी प्रदेश

### ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०८/१८ (आर्थिक राष्ट्रिय दैनिकबाट प्रकाशित)

यस लघुवित्त वित्तीय संस्थाबाट चल-अचल सम्पत्ति सुरक्षण वापत् धितो राखी तथा सामुहिक जमानतमा तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय-समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीयसंस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै उक्त चल अचल श्रीसम्पत्ति लिलाम बिक्रीबाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| शाखाको नाम | बिवरण | नाम | नागरिकता न. | नागरिकता जारी मिति | नागरिकता जारी जिल्ला | स्थायी ठेगाना | हालको ठेगाना | पति/वुवा | ससुरा/वाजे |
|---|---|---|---|---|---|---|---|---|---|
| डकाहा | ऋणीको बिवरण | आरती राई | २०-०१-७३-०७९६६ | २०७३/११/११ | सिन्धुली | सिर्थौली-५, सिन्धुली | दुधौली-४, सिन्धुली | राजेश योञ्जन | हर्क बहादुर योञ्जन |
| | जमानतकर्ताको बिवरण | पुरीमाया राई | २०३०४७/५३९ | २०७६/०१/०४ | सिन्धुली | सिर्थौली-५, सिन्धुली | दुधौली-४, सिन्धुली | गोपाल घिसिङ्ग तामाङ्ग | सिंह दार्जे घिसिङ्ग तामाङ्ग |
| डकाहा | ऋणीको बिवरण | बिना माझी | २०३०४९/१२६९ | २०६३/१२/१३ | सिन्धुली | हत्पते-७, सिन्धुली | दुधौली-१, सिन्धुली | छविलाल माझी | श्याम लाल माझी |
| | जमानतकर्ताको बिवरण | छविलाल माझी | १२१४७ | २०५५/१२/१० | सिन्धुली | हत्पते-७, सिन्धुली | दुधौली-१, सिन्धुली | श्याम लाल माझी | नटुवा माझि |
| डकाहा | ऋणीको बिवरण | रमा श्रेष्ठ | २०३०४९/७१२ | २०६३/१२/०९ | सिन्धुली | हत्पते-८, सिन्धुली | दुधौली-१, सिन्धुली | नैन बहादुर श्रेष्ठ | लोक बहादुर श्रेष्ठ |
| | जमानतकर्ताको बिवरण | नैन बहादुर श्रेष्ठ | २०३०४९/६६४ | २०६३/१२/०९ | सिन्धुली | दुधौली-१, सिन्धुली | दुधौली-१, सिन्धुली | लोक बहादुर श्रेष्ठ | कुश बहादुर श्रेष्ठ |
| डकाहा | ऋणीको बिवरण | सर्मिला घिसिङ | २०३०४८/१५८ | २०६३/१२/२१ | सिन्धुली | हर्षाही-९, सिन्धुली | दुधौली-६, सिन्धुली | गोपाल घिसिङ्ग तामाङ्ग | सिंह दार्जे घिसिङ्ग तामाङ्ग |
| | जमानतकर्ताको बिवरण | धिरण घिसिङ्ग | २०-०१-७६-०००९५ | २०७६/०१/०४ | सिन्धुली | दुधौली-६, सिन्धुली | दुधौली-६, सिन्धुली | गोपाल घिसिङ्ग तामाङ्ग | सिंह दार्जे घिसिङ्ग तामाङ्ग |
| जितपुर | ऋणीको बिवरण | टंकीमाया तुम्बा | ४०५ | २०६०/११/२६ | धनकुटा | अ.जितपुर-७, धनकुटा | महालक्ष्मी-७, धनकुटा | नविन तुम्बा | डम्बर बहादुर तुम्बा |
| | जमानतकर्ताको बिवरण | नविन तुम्बा | १७६/८२४ | २०५९/०१/२४ | धनकुटा | अ.जितपुर-७, धनकुटा | महालक्ष्मी-७, धनकुटा | डम्बर बहादुर तुम्बा | रुप बहादुर तुम्बा |
| जितपुर | ऋणीको बिवरण | गोमा तुम्बा | ४१३ | २०६०/११/२६ | धनकुटा | अ.जितपुर-४, धनकुटा | महालक्ष्मी-७, धनकुटा | महेन्द्र राज तुम्बा | रुप बहादुर तुम्बा |
| | जमानतकर्ताको बिवरण | महेन्द्र राज तुम्बा | १३२५ | २०४४/१२/११ | धनकुटा | अ.जितपुर-७, धनकुटा | महालक्ष्मी-७, धनकुटा | रुप बहादुर तुम्बा | पहलमान तुम्बा |
| जितपुर | ऋणीको बिवरण | अनिता लिम्बु | ०७-०१-७०-०६८३० | २०७०/०९/१७ | धनकुटा | अ.जितपुर-६, धनकुटा | महालक्ष्मी-७, धनकुटा | सोहन कुमार लिम्बु | ज्ञान बहादुर लिम्बु |
| | जमानतकर्ताको बिवरण | सोहन कुमार लिम्बु | १३६/७५८ | २०५८/१०/१४ | धनकुटा | अ.जितपुर-६, धनकुटा | महालक्ष्मी-७, धनकुटा | ज्ञान बहादुर लिम्बु | जित बहादुर लिम्बु |
| जितपुर | ऋणीको बिवरण | सबिना तामाङ्ग (मादेन) | ०७-०१ -७४-०३४३१ | २०७४/११/१५ | धनकुटा | महालक्ष्मी-९, धनकुटा | महालक्ष्मी-९, धनकुटा | गंग बहादुर मादेन | रुप बहादुर मादेन |
| | जमानतकर्ताको बिवरण | बिकास मादेन | ०७-११ -७४-००११४ | २०७४/०४/२८ | धनकुटा | महालक्ष्मी-८, धनकुटा | महालक्ष्मी-९, धनकुटा | टेक बहादुर मादेन | तिल बहादुर मादेन |
| भिमसेनस्थान | ऋणीको बिवरण | कबिता हायु | ७५३५२ | २०६२/०९/२६ | रामेछाप | रामेछाप-८, रामेछाप | रामेछाप-८, रामेछाप | प्रचण्ड हायु | शम्सेर हायु |
| | जमानतकर्ताको बिवरण | प्रचण्ड हायु | ८०२६ | २०४५/०२/०८ | रामेछाप | रामेछाप-८, रामेछाप | रामेछाप-८, रामेछाप | शम्सेर हायु | बल बहादुर हायु |
| पतारी | ऋणीको बिवरण | सुरेखा महतो | १५-०१-७२-०७०७८ | २०७२/१२/२९ | सिराहा | धनगढीमाइ-४, सिराहा | सुखिपुर-१, सिराहा | डिका कुमार यादव | उपेन्द्र यादव |
| | जमानतकर्ताको बिवरण | डिका कुमार यादव | १५-०१-७२-०१६४२ | २०७२/०३/१८ | सिराहा | मोहनपुर कमलपुर-६ | सुखिपुर-१, सिराहा | उपेन्द्र यादव | दर्पि यादव |
| म्याङ्गलुङ्ग | ऋणीको बिवरण | शान्ता रसाईली | २६३३१/४९७ | २०५३/०१/०२ | तेह्रथुम | म्याङ्गलुङ्ग-७, तेह्रथुम | म्याङ्गलुङ्ग-२, तेह्रथुम | प्रकाश रसाईली | रामलाल रसाइली |
| | जमानतकर्ताको बिवरण | प्रकाश रसाईली | १३२५/६१०५ | २०४६/०१/०६ | तेह्रथुम | म्याङ्गलुङ्ग-७, तेह्रथुम | म्याङ्गलुङ्ग-२, तेह्रथुम | रामलाल रसाइली | पदमलाल रसाईली |
| म्याङ्गलुङ्ग | ऋणीको बिवरण | शुभद्रा कुमारी राजभण्डारी | ५१३४ | २०४५/०१/२२ | खोटाङ्ग | ऐसेलुखर्क-३, खोटाङ्ग | म्याङ्गलुङ्ग-१, तेह्रथुम | भिम बहादुर ल्वागुन | रनमान कामी |
| | जमानतकर्ताको बिवरण | भिम बहादुर ल्वागुन | २७४७६/२४४ | २०७४/०४/१५ | तेह्रथुम | म्याङ्गलुङ्ग-२, तेह्रथुम | म्याङ्गलुङ्ग-१, तेह्रथुम | रनमान कामी | पहलमान कामी |
| म्याङ्गलुङ्ग | ऋणीको बिवरण | अम्बीका देबि दुलाल | १९०/३१२/३४१ | २०४६/०२/०३ | तेह्रथुम | ओयाकजुङ्ग-३, तेह्रथुम | फेदाप-२, तेह्रथुम | देवी प्रसाद दुलाल | तिल प्रसाद दुलाल |
| | जमानतकर्ताको बिवरण | देवी प्रसाद दुलाल | १८९/४९८ | २०४६/०२/०४ | तेह्रथुम | ओयाकजुङ्ग-३, तेह्रथुम | फेदाप-२, तेह्रथुम | तिल प्रसाद दुलाल | अविनारायण दुलाल |

**नोट : ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।**

# सीएफमोटो र जिहोमा २४ महिनासम्मको सरल फाइनान्स सुविधा

आर्थिक संवाददाता
काठमाडौं, मंसिर १७

नेपालका लागि सीएफमोटो र जिहोको आधिकारिक वितरक ऋषि ट्रेड सेन्टरले सरल र सहज फाइनान्स सुविधाको व्यवस्था गरेको छ । सीएफमोटोको पेट्रोल बाइक तथा जिहोका ईभी स्कुटर खरिद गर्ने ग्राहकहरूलाई लक्षित गरी ल्याइएको सो सुविधा हालै प्रारम्भ भएको हो ।

उक्त व्यवस्थाअन्तर्गत आफूलाई मनपर्ने सीएफमोटो तथा जिहोका बाइक तथा स्कुटर सरल र सहज किस्ताबन्दीमा विनाझन्झट खरिद गर्न सकिने छ । ग्राहकले आफ्नो चाहना अनुरूप १२ महिने, १८ महिने र २४ महिने किस्ताबन्दी र न्यूनतम मूल्यमा आफूले रोजेको बाइक तथा स्कुटर खरिद गर्न सक्ने छन् । हालका लागि कम्पनीको नक्साल र झम्सिखेलस्थित




सोरूमबाट मात्र सो सेवा उपलब्ध भएको र आगामी दिनमा अन्य सोरूमबाट समेत क्रमशः सेवा उपलब्ध गराइने कम्पनीको भनाइ छ । नेपाली बजारमा पछिल्लो समयमा भित्रिएका सीएफमोटोको ४५० र जिहो एई४ चर्चामा रहेका छन् । सो नयाँ मोटरसाइकलमा ४४९ दशमलव पाँच सीसीको बलियो, लिक्विड कुल्ड, प्यारलल-ट्विन अथवा डुअल सिलिन्डर इन्जिन जडान गरिएको छ, यसले ९५०० आरपीएममा ४४ एचपी पावर र ७६०० आरपीएममा ४४ एनएम टर्क जेनेरेट गर्छ ।

# जस्मिन पेन्ट्सको ब्रान्ड एम्बेस्डरमा खड्का

आर्थिक संवाददाता
काठमाडौं, मंसिर १७

जस्मिन पेन्ट्सले नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्कालाई ब्रान्ड एम्बेस्डरमा नियुक्त गरेको छ । स्वदेशी उत्पादनलाई सशक्त र बजारीकरण गर्नका लागि व्यापार प्रवर्द्धन महत्वपूर्ण रहेको अवस्थामा कम्पनीले आफ्नो उत्पादनलाई प्रवर्द्धन गर्न खड्कालाई ब्रान्ड एम्बेस्डरमा नियुक्त गरेको हो ।

कम्पनीले आफ्नो बजार प्रवर्द्धनका लागि यसअघि नेपालका चर्चित कलाकारलाई समेत ब्रान्ड एम्बेस्डरमा नियुक्ति गरिसकेको छ । पछिल्लो समय नेपाली खेल क्षेत्रको विकास र युवाहरूको चाहना र भावनालाई मध्यनजर गर्दै नेपाली क्रिकेटले आफ्नो उत्कृष्ट प्रभुत्व जमाउन सकिरहेको अवस्थामा खेल र खेलाडीलाई पनि थप प्रोत्साहन गर्ने उद्देश्यका खड्कासँग सहकार्य गरिएको कम्पनीले जनाएको छ । खड्कासँगको सहकार्यले नेपाली खेलकुदका साथै कम्पनीका उत्पादनहरूलाई प्रवर्द्धन गर्न र बजारीकरण विस्तारका निमित्त थप टेवा पुग्ने कम्पनीले अपेक्षा गरेको जनाइएको छ । कम्पनीले 'नेपाली मनको नेपाली रङ्' स्लोगन बोकेर विगत ३१ वर्षदेखि नेपाल रंगाउँदै आएको छ ।

# केएल टावरको उपहार योजनामा शेर्पाले हिरोको जिते जुम स्कुटर

आर्थिक संवाददाता
काठमाडौं, मंसिर १७

काठमाडौंको चाबहिलस्थित केएल टावरले दशैंतिहारको अवसरमा आयोजना गरेको 'रमाइलो दशैं-तिहार उपहार योजना'का विजेतालाई उपहार प्रदान गरेको छ । सो उपहार योजनाअन्तर्गतको बम्पर उपहार कुपन नम्बर ६९३९ का फुर्वा शेर्पाले जितेका छन् ।

शेर्पालाई सिजी मोटर्स प्रालि (हिरो) का सिनियर म्यानेजर प्रदीप पालले शनिबार आयोजित एक कार्यक्रममा जुम स्कुटरको चाबी हस्तान्तरण गरेका थिए । साथै, अन्य विजेताहरूलाई पनि विभिन्न उपहार प्रदान गरिएको थियो । गत असोज १३ गतेदेखि कात्तिक ३० गतेसम्म




सञ्चालन गरिएको सो उपहार योजनाअन्तर्गत दैनिक तथा साप्ताहिक योजनामा विभिन्न उपहार राखिएको थियो भने एकजना ग्राहकले बम्पर उपहारस्वरूप हिरो ब्रान्डको जुम स्कुटर जित्ने मौका दिइएको थियो ।

दैनिक तथा साप्ताहिक योजनामा सहभागी भई गोलाप्रथामार्फत् विजेता बनेका ४० जनालाई टेक्नो स्मार्टफोन, अल्टिमा लाइफस्टाइलका घडी तथा एयर बड्स, बाल्ट्राका घरायसी उपकरण, सफारी ब्रान्डका लगेज तथा ब्याग, एभरेस्ट ब्रान्डका साइकल वितरण गरिएको छ । केएल टावरका प्रमुख कार्यकारी अधिकृत रमेश कक्षपतिले विजेतालाई उपहार हस्तान्तरण गरेका थिए । केएल टावरका सबै पसल तथा आउटलेटमा कम्तीमा एक हजार रूपैयाँ वा सोभन्दा बढीको सपिङ गर्नेहरूलाई उपहार योजनामा सहभागी गराइएको थियो । सपिङका क्रममा उपलब्ध गराइएका सबै भौचरमध्येबाट गोलाप्रथा गरी विजेता चयन गरिएको हो ।

सेलिब्रेसन अवधिमा केएल टावरमा करिब साढे दुई लाख उपभोक्ता पुगेकामा १७ हजारभन्दा बढीले एक हजार रूपैयाँभन्दा बढी मूल्यको सामान खरिद गरी सेलिब्रेसनमा सहभागिता जनाएका थिए । काठमाडौंको चाबहिलस्थित चुच्चेपाटीमा रहेको केएल टावरमा सिनेमा हल, बैंङ्क्वेट, रेस्टुरेन्ट, फुड कोर्ट, गेम जोन, १५ वटाभन्दा बढी मल्टिनेसनल ब्रान्ड, इलेक्ट्रोनिक्स तथा मोबाइल आउटलेट, कपडालगायतका ७० वटाभन्दा बढी पसल छन् ।

# कर्णाली प्रदेशका रैथाने उत्पादनको प्रवर्द्धनमा सिद्धार्थ हस्पिटालिटी

आर्थिक संवाददाता
काठमाडौं, मंसिर १७

सुर्खेतको वीरेन्द्रनगरमा रहेको कर्णाली प्रदेशको पहिलो चारतारे होटल सिद्धार्थ सन्नी रिसोर्टले कर्णाली प्रदेशका रैथाने उत्पादन प्रवर्द्धनमा जोड दिएको छ । सिद्धार्थले सोभेनियर सपमार्फत विभिन्न स्थानीय उत्पादनको प्रवर्द्धन तथा बिक्री गरिरहेको हो ।

सोभेनियर सपमा सिमी, मार्सी चामल, मकै, मह, ओखर, रूद्राक्ष, ग्रिन टीलगायतका उत्पादन



राखिएको होटलका अपरेसन म्यानेजर रामकृष्ण तिमिल्सेनाले बताए । उनका अनुसार राउटे र अन्य समुदायले बनाएका काठका सामग्री, थारु समुदायले बनाएका ढकिया, डालो, डोकोलगायतका सामग्री समेत सोभेनियर सपमा राखिएको छ । प्रायः होटलको सोभेनियर सपमा गरगहना र कपडा राख्ने चलन भए पनि यस होटलमा भने यस क्षेत्रका रैथाने उत्पादन राखिएको हो । 'यहाँ आउने सेवाग्राहीले कर्णालीको चिनोका रूपमा विभिन्न उत्पादन तथा अर्ग्यानिक कृषिजन्य उत्पादन कोसेलीका रूपमा लैजान सकून् भन्ने उद्देश्यले यसको सुरूवात गरिएको हो', उनले भने । रैथाने बालीलगायतका उत्पादन प्रवर्द्धन गर्दै आएको कर्णाली प्रदेशको उद्योग मन्त्रालयअन्तर्गतको लघु ओद्यौगिक ग्राम सञ्चालक समितिको समन्वयमा सिद्धार्थ होटललाई सो उत्पादन आपूर्तिका लागि समन्वयन गरिएको समितिका अध्यक्ष उदिराम डाँगीले बताए ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office, Pokhara
Dumre Besisahar Chame Road Project
Besisahar, Lamjung

Invitation for Bids

Invitation for Bids No : 04-DBCRP/NCB/081/82
Date of Publication: 2081-08-18 (3rd December 2024)

Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads (DoR), Federal Road Supervision and Monitoring Office Pokhara, Dumre Besisahar Chame Road Project Lamjung, invites electronic bids from eligible bidders under National Competitive Bidding procedures for procurement of Works with description as under:

| S. N. | Contract Identification Number | Description and Location of Works | Bid Validity Period | Bid Security Amount (NRs.) | Validity of Bid Security | Price For Bid Documents (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | DBCRP/33701121/ NCB/081/82-03 | Roadway Protection, Drainage works, Rigid Pavement and Structural works in different locations of Besisahar Chame Road near Arkhale and Kavrebhir, Lamjung | 90 days | 15,14,000.00 | 120 days | 5,000 |

Eligible Bidders may obtain all relevant information from Bidding document which is available at PPMO's e-procurement website: www.bolpatra.gov.np/egp. For any further information or queries bidders may contact the office during office hours; Name: Dumre Besisahar Chame Road Project, Besisahar, Lamjung; Mailing address: dbc.roadproject2081@gmail.com; Contact no.1: 066-521472 ,Contact no.2 : 9856005140; Contact no.3 : 9856005150

Project Chief

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८१/०८/१८

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड को शाखा कार्यालय सिमलचौर पोखरा, कास्कीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ताभुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीलाई मिति बि.स.२०८०/११/१७ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना र मिति वि.सं. २०८१/०७/२५ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ, जे, जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सिमलचौर पोखरा, मा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१.कर्जा शिर्षक : सिटिजन्स (कृषि) आवधिक कर्जा र स्थायी चालुपुंजी-आवधिक कर्जा
ऋणीको नाम : गौरी शंकर कृषि तथा पशुपंक्षी फर्म
रजिष्टर्ड ठेगाना : माछापुच्छ्रे गा.पा.-४, कास्की
रजिष्ट्रेशन नं. : १७८९८/०७७/०७८ (प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कास्की, गण्डकी प्रदेश)
स्थायी लेखा नं. : ६१३९४४८४७

फर्मको प्रोप्राईटरको नाम र ठेगाना
नाम : कान्ती खवास क्षेत्री
बाबु : गज्रेन्द्र बहादुर खवास
ससुरा : भिम बहादुर क्षेत्री
पति : शुरेश बहादुर क्षेत्री
स्थायी ठेगाना : माछापुच्छ्रे गा.पा.-४, कास्की
हाल : माछापुच्छ्रे गा.पा.-४, कास्की
ना.प्र.नं. : २७७११३००६-झापा
जारी मिति : २०५४/१२/१९ (दोस्रो प्रतिलिपि मिति २०७७/०३/१५)
जि.प्र.का. : कास्की

जमानीकर्ताको नाम र ठेगाना
नाम : शुरेश बहादुर क्षेत्री
बाबु : भिम बहादुर क्षेत्री
बाजे : मन बहादुर क्षेत्री
पत्नी : कान्ती खवास क्षेत्री
स्थायी ठेगाना : माछापुच्छ्रे गा.पा.-४, कास्की
हाल : माछापुच्छ्रे गा.पा.-४, कास्की
ना.प्र.नं. : ६०३८६
जारी मिति : २०५४/१२/०२, (दोस्रो प्रतिलिपि मिति २०७६/०९/०४)
जि.प्र.का. : कास्की

२. कर्जा शिर्षक : सिटिजन्स कृषि तथा उद्यम कर्जा-आवधिक र सिटिजन्स फाष्ट ट्रयाक कर्जा
ऋणीको नाम र ठेगाना
नाम : शुरेश बहादुर क्षेत्री
बाबु : भिम बहादुर क्षेत्री
बाजे : मन बहादुर क्षेत्री
पत्नी : कान्ती खवास क्षेत्री
स्थायी ठेगाना : माछापुच्छ्रे गा.पा.-४, कास्की
हाल : माछापुच्छ्रे गा.पा.-४, कास्की
ना.प्र.नं. : ६०३८६
जारी मिति : २०५४/१२/०२, (दोस्रो प्रतिलिपि मिति २०७६/०९/०४)
जि.प्र.का. : कास्की

जमानीकर्ताको नाम र ठेगाना
नाम : कान्ती खवास क्षेत्री
बाबु : गज्रेन्द्र बहादुर खवास
ससुरा : भिम बहादुर क्षेत्री
पति : शुरेश बहादुर क्षेत्री
स्थायी ठेगाना : माछापुच्छ्रे गा.पा.-४, कास्की
हाल : माछापुच्छ्रे गा.पा.-४, कास्की
ना.प्र.नं. : २७७११३००६-झापा
जारी मिति : २०५४/१२/१९ (दोस्रो प्रतिलिपि मिति २०७७/०३/१५)
जि.प्र.का. : कास्की

३. कर्जा शिर्षक : सिटिजन्स कृषि तथा उद्यम कर्जा
ऋणीको नाम र ठेगाना
नाम : कान्ती खवास क्षेत्री
बाबु : गज्रेन्द्र बहादुर खवास
ससुरा : भिम बहादुर क्षेत्री
पति : शुरेश बहादुर क्षेत्री
स्थायी ठेगाना : माछापुच्छ्रे गा.पा.-४, कास्की
हाल : माछापुच्छ्रे गा.पा.-४, कास्की
ना.प्र.नं. : २७७११३००६-झापा
जारी मिति : २०५४/१२/१९ (दोस्रो प्रतिलिपि मिति २०७७/०३/१५)
जि.प्र.का. : कास्की

जमानीकर्ताको नाम र ठेगाना
नाम : शुरेश बहादुर क्षेत्री
बाबु : भिम बहादुर क्षेत्री
बाजे : मन बहादुर क्षेत्री
पत्नी : कान्ती खवास क्षेत्री
स्थायी ठेगाना : माछापुच्छ्रे गा.पा.-४, कास्की
हाल : माछापुच्छ्रे गा.पा.-४, कास्की
ना.प्र.नं. : ६०३८६
जारी मिति : २०५४/१२/०२, (दोस्रो प्रतिलिपि मिति २०७६/०९/०४)
जि.प्र.का. : कास्की

४. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक लोन-आवधिक कर्जा
ऋणीहरुको नाम र ठेगाना
१. नाम : कान्ती खवास क्षेत्री
बाबु : गज्रेन्द्र बहादुर खवास
ससुरा : भिम बहादुर क्षेत्री
पति : शुरेश बहादुर क्षेत्री
स्थायी ठेगाना : माछापुच्छ्रे गा.पा.-४, कास्की
हाल : माछापुच्छ्रे गा.पा.-४, कास्की
ना.प्र.नं. : २७७११३००६-झापा
जारी मिति : २०५४/१२/१९ (दोस्रो प्रतिलिपि मिति २०७७/०३/१५)
जि.प्र.का. : कास्की

२. नाम : शुरेश बहादुर क्षेत्री
बाबु : भिम बहादुर क्षेत्री
बाजे : मन बहादुर क्षेत्री
पत्नी : कान्ती खवास क्षेत्री
स्थायी ठेगाना : माछापुच्छ्रे गा.पा.-४, कास्की
हाल : माछापुच्छ्रे गा.पा.-४, कास्की
ना.प्र.नं. : ६०३८६
जारी मिति : २०५४/१२/०२, (दोस्रो प्रतिलिपि मिति २०७६/०९/०४)
जि.प्र.का. : कास्की

माथि उल्लेखित ऋणीहरु गौरी शंकर कृषि तथा पशुपंक्षी फर्म, शुरेश बहादुर क्षेत्री, र कान्ती खवास क्षेत्रीले लिएको ऋणकर्जाको लागि धितो राखिएको सम्पतिको विवरण
धितो सुरक्षण धनीको नाम : सुरेश बहादुर क्षेत्री

| जिल्ला | उ.म.न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| कास्की | पोखरा | ५/०९३०८७९२३ | १५७ | १६६.९३ | सो जग्गामा निर्माण भएको तथा पछी भविष्यमा निमार्ण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत। |

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :
१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्तिदिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्तबुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्वआफूमालिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनु हुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय सिमलचौर पोखरामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८१/०८/२५ गते, मंगलबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सिमलचौर पोखरा।

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक

## सम्पादकीय

# सर्वोच्चको परीक्षणमा न्यायाधिवक्ताको काम

राज्यका तर्फबाट न्यायको वकालत गर्ने महान्यायाधिवक्ताले नै मन्त्री जोगाउन गरेको अन्याय यतिबेला रिटका रूपमा पेसिएको मुद्दामा दरपीठ भए पनि सर्वोच्चकै वरिपरी छ । महान्यायाधिवक्ताले देखादेखि छुटाएका मानव तस्करीका आरोपित ती मन्त्री मात्र होइनन् प्रधानमन्त्री पनि विपक्षी बनाइएका छन् । यो अवस्था आएको महान्यायाधिवक्ताको कामले हो । त्यसै पनि गम्भीर कसुरमा आफ्नालाई छुटाएको भनी प्रधानमन्त्रीमाथि नै गम्भीर आरोप लागेको छ । यसबारे प्रधानमन्त्रीले सर्वोच्चमा नै गएर जवाफ दिनुपर्नेछ । मानव तस्करीको अभियोग लागेका मन्त्रीलाई मुद्दा नचलाएको भन्दै एकजना वरिष्ठ अधिवक्ताले हालेको रिटमा महान्यायाधिवक्ताको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौं, स्वयं यस्तो सुविधा पाउने ती पूर्वमन्त्रीलगायत विपक्षी बनाइएका छन् । आफैँ गृह र कानुनमन्त्री रहेका आरोपित मानव तस्करीमा प्रत्यक्ष संलग्नता देखिएपछि र उनका साथमा गएकाहरूको कागजातमा नै गम्भीर कैफियत भेटिएपछि मित्रराष्ट्र जापानबाट डिपोर्ट गरिएका थिए । यो घटनामा १२ जनाको संलग्नता देखिएकोमा पूर्वमन्त्रीलाई छुटाएर ११ जनालाई मात्र मुद्दा हालियो जसमध्ये  हाल पक्राउ परेका तीनजना भने पुर्पक्षका लागि थुनामा गइसकेका छन् । कसुरलाई आधार मानिएको भए यी पूर्वमन्त्री पनि सम्भवतः थुनामै हुने रहेछन् । अरू अभियोगी भने फरार छन् ।

रिटमा भनिएको छ -प्रहरी अनुसन्धानबाट स्पष्ट प्रमाण देखिएको अवस्थामा अनिवार्यरूपमा अभियोजन गरिनुपर्छ ।  कानुनले कुनै पद वा ओहोदा चिन्दैन । अभियोजन गर्ने अधिकारको स्वेच्छाचारी एवं बदनियतपूर्ण ढंगले प्रयोग गर्न मिल्दैन, कानुनको असमान प्रयोग गर्न मिल्दैन । महान्यायधिवक्ताको कार्यालयमा गएको प्रहरीको प्रतिवेदनलाई आधार मान्ने हो भने यो प्रकरणका प्रमुख पात्र नै तिनै मन्त्री हुन् । मूलपात्र छुटाएपछि बाँकीका हकमा के-होला भन्ने आफैँ प्रष्ट  हुन्छ । अनौपचारिक तहबाट बाहिर आएको प्रहरी प्रतिवेदनको त्या अंशमा भनिएको छ- उनीहरू तथा लिलाबल्लभ अधिकारीलाई समेत जापानको नारिता विमानस्थलको अध्यागमन कार्यालयबाट नै डिपोर्ट गरी क्याथे प्यासिफिक एयरवेजबाट नै नेपालमा फिर्ता पठाइदिएको हुँदा लिलाबल्लभ अधिकारी, महेश पाण्डे, वीरबहादुर सुनुवार, गोपाल भन्ने योगराज गौतम, विष्णु भट्टराई, दिवाकरबाबु भट्टराई र जुगल रिजालको समेतको संलग्नतामा कन्चन देवकोटा, जनक राई र दावा शेर्पा समेतलाई अवैध तवरले जापानमा लगी मुलुकी अपराध संहिता २०७४ को लिखतसम्बन्धी कसुरको अपराध र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ को दफा ४ को उपदफा २ को (ग) बमोजिमको कसुरमा समेत अनुसन्धान गर्नुपर्ने देखिएको हुँदा निजहरूको यकिन नाम थर वतन समेत खुलाई सोहीअनुसार कारबाही हुन यो प्रतिवेदन लेखी पेश गरेको छु, ।

प्रहरीले यति स्पष्टसँग प्रतिवेलनमा कसुर खुलाउँदा पनि अभियोग लागको १२ मध्ये एक जनामात्र छुटे । छुट्ने ती व्यक्ति मन्त्री पदमा रहँदा नै यो कार्यकमा सरिक थिए । यस्तो बेला उनलाई थप सजायको माग हुनुपर्नेमा उल्टो अदालतमा लगेर न्यायिक परीक्षण गर्न समेत आवश्यक ठानिएन । योभन्दा सत्ता र शक्तिको दुरूपयोग विरलै होला । केही पहिले एक जना नेता अर्थात् संसद्को चौथो हैसियतमा रहेका एउटा दलका सभापति दुई देशका दुईवटा राहदानी बोकेको भन्ने विषयमा प्रहरीले यसरी नै कसुरदार ठहर गरेर प्रतिवेदन दिएको थियो । तर तत्कालीन प्रधानमन्त्रीलाई विश्वासको मत दिने शर्तमा यसरी नै मुद्दा नलाग्ने बनायो । यसले राज्यका निकायहरूले क्रमशः विश्वास गुमाउँदै गएको भन्नुपर्ने अवस्था हुन्छ । त्यही कार्यालयले लिखितरूपमा निर्दोष रहेको भनी बताएका विषयमा केही दिनपछि छानबिन हुँदा थुप्रै प्रमाणहरू भेटिन थालेका छन् । प्रदेशमन्त्रीजस्तो पदमा रहेको व्यक्ति मानव तस्करी एवं किर्ते कार्यमा संलग्न रहेको यो घटनामा पनि त्यही स्थिति आउन सक्छ । न्यायिक निरूपणलाई नरोकौँ ।

# प्रधानमन्त्रीको चीन भ्रमण र आर्थिक विकास



डा. केशव देवकोटा

> उक्त भेटवार्ताका क्रममा परराष्ट्रमन्त्री डा आरजुले चिनियाँ विदेशमन्त्री वाङ यीलाई नेपाल भ्रमणका लागि निमन्त्रणा पनि दिइसक्नु भएको छ ।

प्रधानमन्त्री केपी ओली हिजो मंसिर १७ गतेबाट छिमेकी चीनको चार दिने भ्रमणका क्रममा हुनुहुन्छ । उहाँको चीन भ्रमणको राजनीतिक पाटो अर्कै होला तर आर्थिक क्षेत्रमा हेर्दा उहाँको भ्रमण नेपाल र नेपालीका लागि फलदायी हुने देखिएको छ । प्रम ओलीको चीन भ्रमण र बीआरआई परियोजनाको सन्दर्भलाई विभिन्न कोणबाट हेरिनु सान्दर्भिक हुन्छ । किनकि प्रम ओलीको यो भ्रमण सम्पूर्णरूपमा बीआरआईको सेरोफेरोमा केन्द्रित हुने निश्चित छ । नेपाल र चीन दुवैतिरको तयारीलाई हेर्दा उपरोक्त कुराको पुष्टि पनि हुन्छ । प्रधानमन्त्री ओली चिनियाँ प्रधानमन्त्री ली खछ्याङको निमन्त्रणमा बेइजिङ पुग्नुभएको भए पनि उहाँले आज मंसिर १८ गते त्यहाँका राष्ट्रपति सिजिन पिङसँग निर्णायक वार्ता गर्ने र सम्झौता हुने कार्यक्रम छ । प्रम ओलीको यस पटकको चीन भ्रमणको प्रशंग उठेसँगै दुवै देशका बीचमा प्रस्तावहरूको आदान-प्रदान भई पटक-पटक परिमार्जन समेत भइसकेको छ । तर सम्झौताको विषयमा खासै टुङ्गो लागि नसकेका कारण नेपालले विभिन्न विकल्पहरु समेत तयार गरेर लगेको छ भने चीनले पनि आफ्नै ढंगले तयारी गरेको देखिएको छ । खासमा प्रम ओलीको यस पटकको चीन भ्रमणलाई बुझ्नका लागि मुख्यतः दुई कुराहरूलाई आधार बनाउन सकिन्छ । जसमा पहिलो परराष्ट्रमन्त्री डा आरजु देउवाले गत १४ गते चीनको छेन्दुमा गर्नुभएको वार्ता र दोस्रो सत्तारूढ नेपाली काँग्रेस र एमालेले बनाएको कार्यदलले तयार गरेको बीआरआईसम्बन्धी प्रस्तावहरूको प्रतिवेदन रहेका छन् । चीनको छेन्दुमा भएको वार्तापछि स्वदेश फर्केर डा आरजुले व्यक्त गरेका विचारहरु धेरै महत्वपूर्ण छन् । उहाँले गत १५ गते स्वदेश फर्केपछि त्रिभुवन विमानस्थलमा पत्रकारहरु माझ व्यक्त गर्नुभएका र सोही दिन राष्ट्रपति रामचन्द्र पौडेल समक्ष व्यक्त गर्नुभएको भनाइहरूले प्रम ओलीको चीन भ्रमण र बीआरआईको सन्दर्भलाई स्पष्ट गरेका थिए । उहाँको भनाइअनुसार यसअघि बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई)मा भएको समझदारीअनुसार नै आज १८ गते नयाँ सम्झौताहरु हुने छन् । चीन भ्रमणबाट फर्केपछि अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारसँग कुरा गर्दै परराष्ट्रमन्त्री डा.आरजुले बीआरआईमा सन् २०१७ मा भएको एमओयुकै सेरोफेरोमा रहेर सम्झौताहरु हुने बताउनु भएको थियो ।

मुख्यतः बीआरआईमा इन्टरकनेक्टिभिटीमा रहेर विकासका कामहरु अगाडि बढ्ने र इन्टरकनेक्टिभिटीका मोडेल कस्ता-कस्ता हुने त्यसमा दुई पक्षका बीचमा सहमति भएको उहाँको भनाइ थियो । नेपाली काँग्रेसले वर्तमान सरकारमा सहभागी हुनुभन्दा अगाडि नै बीआरआईअन्तर्गत ऋण नलिँदा नै राम्रो हुन्छ भनेको थियो । पछिल्लो समयमा जारी रहेका पुराना चिनियाँ आयोजना र नयाँ आयोजनाहरूलाई कसरी बीआरआईअन्तर्गत अगाडि बढाउने भन्नेमा छलफल भएको थियो । जसमा दोस्रो रिङरोड, हिल्सा सिमिकोट सडक, अरनिको राजमार्गलाई बीआरआईअन्तर्गत राखेर बनाउने चीनले पहिला नै घोषणा गरिसकेको विषय हो । टोखा-छहरे सुरूङ मार्ग, सीमा नाकालगायतका आयोजना नयाँ ढंगले अगाडि बढाउने विषयमा पनि दुई दलका बीचमा सहमति भइसकेको छ । नेपाली राजनीतिको इतिहासमा पहिलो पटक यसरी दलहरु कुनै विषयमा बसेर अक्षर, अक्षर केलाएर मिहीन ढंगले छलफल गरी सहमति गरेको डा आरजुको भनाइ थियो । गत १५ गते चीनको छेन्दूमा दुई देशका विदेशमन्त्रीहरूका बीचमा नेपाल चीन सम्बन्धका बिविध पक्ष, आपसी हित र साझा चासोका साथै प्रधानमन्त्री केपी ओलीको चीन भ्रमण र त्यसक्रममा हुने दुई देशबीचको सहयोग आदान-प्रदानका विषयमा कुराकानी भएको थियो । उक्त भेटवार्ताका क्रममा परराष्ट्रमन्त्री डा आरजुले चिनियाँ विदेशमन्त्री वाङ यीलाई नेपाल भ्रमणका लागि निमन्त्रणा पनि दिइसक्नु भएको छ । वार्ताका क्रममा मन्त्री डा आरजुले पछिल्लो समय नेपाल-चीन सम्बन्धमा उल्लेखनीय उपलब्धिहरु हासिल भएको र आपसी सम्बन्ध थप बलियो बन्दैगएको बताउँदै चीन भ्रमण गर्ने नेपाली नागरिकहरूलाई हालै भिसा शुल्क नलाग्ने घोषणा गरेकोमा चीन सरकारलाई धन्यवाद दिनुभएको थियो । त्यसैगरी वार्तामा नेपाल-चीनबीचका सबै परम्परागत सीमा नाका पुनः नियमितरूपमा सञ्चालनमा आइसकेका र त्यहाँ दुवै देशका नागरिक, सामान र सेवाहरूको सीमापार आवागमन निर्वाध बनेकाले यसलाई थप सहज एवं प्रभावकारी बनाउन दुवै पक्षबाट महत्वपूर्ण योगदान पुग्ने कुराहरु पनि व्यक्त भएका थिए । सो वार्तामा प्रधानमन्त्री ओलीको चीन भ्रमणका क्रममा समझदारी एवं सम्झौता हुने विभिन्न आयोजना एवं सहयोग आदान-प्रदानका बारेमा पनि छलफल भएको थियो । जसको प्रत्युत्तरमा चीनका विदेशमन्त्री वाङ यीले सबै कुराहरूको आज मंसिर १८ गते हुने नेपालका प्रधानमन्त्री ओली र चिनियाँ राष्ट्रपति सिबीचको वार्ताले छिनोफानो गर्ने बताउनुभएको थियो । त्यसैले यसअघि नेपाल र चीनमा प्रम ओलीको चीन भ्रमणलाई लिएर जति नै तर्कवितर्क भए पनि आजको वार्ताले मात्र विषयवस्तुलाई टुङ्गो लगाउन सक्ने स्पष्ट भएको छ ।

त्यसैगरी सरकारमा रहेका प्रमुख दल नेपाली कांग्रेस र एमालेका बीचमा प्रम ओलीको चीन भ्रमण र बीआरआईका सन्दर्भमा पटक-पटक भएको वार्ताले किनारा लिन नसकेपछि दुई दलीय कार्यदल बनाइएको थियो । जुन कार्य दलले विवादहरूलाई समाधान गरेर आफ्नो प्रतिवेदन तयार गरेको थियो । सो प्रतिवेदन नेकाँ र एमालेका शीर्ष नेतृत्व समक्ष पेश भई स्वीकार समेत भइसकेको छ । कांग्रेस र एमालेका नेताहरु सम्मिलित कार्यदलले बीआरआई सहकार्य फ्रेमवर्कको मस्यौदा सहमतिमा बनाएपछि प्रधानमन्त्री ओली र काँग्रेसका सभापति शेरबहादुर देउवाले कार्यदलका तीनजना सदस्य र एक प्राविधिक सदस्यलाई धन्यवाद समेत दिनुभएको थियो । बीआरआई सहकार्य फ्रेमवर्क मस्यौदा निर्माणमा एमालेका तर्फबाट प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल र आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा तथा कांग्रेसका तर्फबाट महामन्त्री गगन थापा र प्राविधिक सहयोगीका रूपमा अन्तर्राष्ट्रिय कानुनी मामिलाका जानकार सेमन्त दाहाल कार्यदलमा रहनुभएको थियो । भनिन्छ, उपरोक्त कार्यदलले बनाएकै दस्तावेजलाई नेपाल सरकारले चीन सरकारलाई पठाइसकेको छ । सम्भवतः आज हुने प्रधानमन्त्री ओली र चीनका राष्ट्रपति सिका बीचमा हुने वार्तामा उक्त मस्यौदाको दस्तावेजमा नै हस्ताक्षर हुनेछ । चीनले बीआरआई कार्यान्वयनका लागि पठाएको भनिएको सम्झौतालाई नेपाली पक्षले नामदेखि त्यसभित्रका विषयवस्तुहरूमा समेत व्यापक पुनर्लेखन गरेर गत शुक्रबार नै टुङ्गो लगाएको थियो । बीआरआई परियोजनामा कनेक्टिभिटी, कृषि, शिक्षा, स्वास्थ्य, आर्थिक सहकार्य, मानवश्रोत विकास, सांस्कृतिक आदान-प्रदान, उद्योग तथा वाणिज्य, भन्सार नाकाहरूको क्षमता अभिवृद्धि, चिनियाँ बैंकहरूको नेपालमा शाखा खोल्नेलगायतका १५ वटा क्षेत्रमा दुई देशबीच सहकार्य गर्ने भनिएको छ । नेपालले सन् २०१४ मै बीआरआई परियोजनामा सैद्धान्तिक सहमति जनाएको थियो भने २०१७ को मे १२ मा हस्ताक्षर गरेको थियो । त्यसैले अब वर्तमान सरकारले बीआरआई परियोजनाका बारेमा छिमेकी चीनसँग निर्णायक वार्ता गरेर त्यसलाई टुङ्ग्याउनुको अर्को विकल्प छैन ।

गत भदौ छ गते (अगस्ट २२) मा नेपालस्थित चिनियाँ दूतावासले ट्विट गर्दै दोस्रो चरणको काठमाडौं चक्रपथ विस्तार कार्यक्रम बीआरआई प्रोजेक्टअन्तर्गत भएको जनाएको थियो । भाद्रको पहिलो हप्ता चीनको अन्तर्राष्ट्रिय विकास सहयोग एजेन्सी (सीआईडीसीए) का उपाध्यक्ष याङ वेईकुन नेपाल भ्रमणमा आउँदा पनि उक्त चक्रपथको कलंकीदेखि वसुन्धरा महाराजगञ्जसम्मको आठ दशमलव दुई किलोमिटर सडक निर्माण, हिल्सा-सिमिकोट सडक खण्डलाई दुई लेनमा स्तरोन्नति, मुस्ताङको कोरला नाकामा आईसीपी र आईसीडी निर्माण र अरनिको राजमार्गको मर्मत सुधार तथा पहिरो नियन्त्रणसम्बन्धी कार्यको सम्भाव्यता अध्ययनगर्ने चारवटा छुट्टाछुट्टै सहयोग आदान -प्रदानसम्बन्धी पत्रमा हस्ताक्षर भएको थियो । नेपालले चीनसँग सन् २०१७ मै बीआरआईसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरिसकेको अवस्था भएकाले सोही समझदारीअनुरूप उक्त परियोजना अघिबढाउन बीआरआई कार्यान्वयन योजनामै सम्झौता गर्न चीनले चाहेको र त्यसैका लागि उसले नेपाललाई सन् २०२० देखि नै बारम्बार ताकेता गर्दैआएको देखिएको छ । चीनका राष्ट्रपति सिको ०७६ मा भएको नेपाल भ्रमणका क्रममा तत्कालीन प्रधानमन्त्री ओलीसँगै २० वटा सम्झौताहरु भएका थिए । जसमा नेपाल र चीनबीचको सीमा व्यवस्थापन प्रणाली, प्रशासनिक क्षमता वृद्धिका लागि सहकार्य आदान-प्रदान गर्ने, आपराधिक मामिलामा दुईपक्षीय कानुनी सहायता, सगरमाथा र चोमोलोङ्माको संरक्षणमा सहकार्य गर्ने, लगानीका मुख्य परियोजनालाई प्रवर्द्धन गर्ने र नेपालको राष्ट्रिय योजना आयोग र चीनको राष्ट्रिय विकास तथा पुनर्संरचना आयोगबीच उत्पादक क्षमता वृद्धिमा सहकार्य गर्ने, चीनको छेन्दुमा नेपालको कन्सुलेट जनरल (वाणिज्य दूतावास) स्थापना गर्ने, नेपाल-चीन सीमापार रेलमार्ग परियोजनाको सम्भाव्यता अध्ययनका लागि नेपालको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र चीनको यातायात मन्त्रालयबीच समझदारी, काठमाडौं महानगरपालिका र चीनको नान्जिङ सहरबीच भगिनी सम्बन्ध स्थापना गर्ने, बुटवल उपमहानगरपालिका र चीनको जियान सहरबीच भगिनी सम्बन्ध स्थापना गर्ने, परम्परागत औषधिमा सहकार्य गर्न नेपालको स्वास्थ्य र जनसंख्या मन्त्रालय तथा चीनको नेसनल एडमिनिस्ट्रेसन अफ ट्रेडिसनल चाइनिज मेडिसिनबीच समझदारी, नेपालको गृह मन्त्रालय र चीनको आकस्मिक व्यवस्थापन मन्त्रालयबीच विपद् जोखिम न्यूनीकरण तथा आकस्मिक सेवामा सहकार्य गर्ने समझदारी, चीनको सुप्रिम पिपुल्स प्रोसिक्युटर कार्यालय र नेपालको महान्यायाधिवक्ताको कार्यालयबीच सहकार्य गर्ने समझदारी, नेपालको त्रिभुवन विश्वविद्यालय र चीनको कन्फ्युसियस इन्स्टिच्युट हेडक्वार्टर्सबीच त्रिभुवन विश्वविद्यालयमा कन्द्रयुसियस इन्स्टिच्युट स्थापना गर्ने सम्झौता, नेपालको कृषि विभाग र चीनको भन्सार सामान्य प्रशासनबीच साइट्रस(अमिलो स्वादका) फलफूल चीन निर्यातका लागि बिरूवालाई स्वस्थ राख्नेसम्बन्धी मापदण्डको कार्यविधि निर्माण गर्ने समझदारी, नेपालको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र चीनको वाणिज्य मन्त्रालयबीच व्यापारबारे छलफल गर्न दुवै देशका प्रतिनिधि सहभागी हुने संयुक्त संयन्त्र बनाउने समझदारी, नेपालमा चीनले सहयोग गरेको भूकम्प सुपरीवेक्षण सञ्जाल परियोजनाका लागि वितरण र स्वीकृतिपत्रमा समझदारी, नेपालको अर्थ मन्त्रालय र चीनको वाणिज्य मन्त्रालयबीच लगानीमा सहकार्यका लागि दुवै देशको प्रतिनिधि सहभागी हुने गरी कार्यदल स्थापना गर्ने समझदारी, नेपालको अर्थ मन्त्रालय र चीनको अन्तर्राष्ट्रिय विकास सहकार्य संस्थाबीच सुरूङ निर्माणमा सहकार्य गर्ने समझदारी, नेपाल-चीन सीमा सुरक्षा सामग्री र कार्यालय सामग्रीका लागि सम्झौतापत्र आदानप्रदान तथा चीनको सहयोगमा उपत्यकामा सञ्चालन हुने खानेपानी आपूर्ति सुधार परियोजनाको सम्भाव्यता अध्ययनका लागि बैठकको माइन्युटका लागि समझदारी रहेका छन् ।

त्यतिबेला जारी संयुक्त वक्तव्यमा काठमाडौं-केरूङ विद्युतीय रेलमार्गदेखि भूकम्पपछिको पुनर्निर्माणका विषय समावेश थियो । चिनियाँ राष्ट्रपति सी नेपाल आउनुभन्दा एक वर्षअघि ०७५ असारमा तत्कालीन प्रधानमन्त्री केपी ओली चीन भ्रमणमा जाँदा पनि नेपाल र चीनले सहमति र सम्झौताको १४ बुँदे संयुक्त वक्तव्य जारी गरेका थिए । त्यसैगरी तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले ०८० को असोजमा गरेको चीन भ्रमणका क्रममा पनि कृषि, व्यापार, पूर्वाधार, विज्ञान तथा प्रविधि, डिजिटल अर्थतन्त्रदेखि केही संस्थागत सुधारमा सहकार्य गर्ने विषयमा दुई पक्षबीच सहमति भएको  थियो । सन् १९८१ मा भएको चीन-नेपाल व्यापार तथा भुक्तानी सम्झौताको पुनरावलोकन र परिमार्जनगर्नका लागि संयुक्त प्राविधिक कार्यदल गठनगर्ने समझदारी पत्रमा समेत हस्ताक्षर भएको थियो । त्यसैगरी ०७२ मा ओली प्रधानमन्त्री भएकै बेला ओली र चिनियाँ समकक्षी ली खछ्याङबीचको भेटवार्तापछि पारबहनसम्बन्धी सम्झौता भएको थियो । त्यतिबेला नै नेपाल र चीनबीच पारवहन, व्यापारसहितका १० वटा सम्झौता तथा समझदारीमा हस्ताक्षर भएको थियो । जसमा नेपाललाई चिनियाँ बन्दरगाहसम्म पहुँच दिने र खुला व्यापार, ग्यास तथा पेट्रोलियम अन्वेषण ट्रेडमार्क दर्तासम्बन्धी कुराहरु रहेका थिए । त्यतिबेला नै पोखरा विमानस्थल निर्माणका लागि सहुलियत ऋण सम्झौतामा पनि हस्ताक्षर भएको हो । यसरी छिमेकी चीनसँग दर्जनौँ सन्धि, सम्झौता र सहमति भए पनि कार्यान्वयन पक्ष कमजोर रहेकाले चीनले त्यसबारे प्रश्न उठाएको छ । चिनियाँ पक्ष यसअघि भएका सन्धि, सम्झौता र सहमतिको कार्यान्वयनको पक्षमा रहेको छ भने नेपालले कतिपय सन्धि, सम्झौता र सहमतिमा संशोधन एबं परिमार्जन चाहेको देखिएको छ । त्यसैका लागि केही समय खर्च भएको देखिन्छ । यस पटक प्रम ओलीको चीन भ्रमणका क्रममा नयाँ सम्झौताभन्दा पनि पुराना सम्झौताको कार्यान्वयनका कुराहरु पेचिलो ढंगले उठ्ने र नेपालले कार्यान्वयनको प्रतिबद्धता जनाउनुपर्ने अवस्था सिर्जना भएको छ । प्रम ओलीको यस पटकको चीन भ्रमणले दुई देशबीचको सम्बन्ध र सहयोगमा नयाँ आयाम सुरू गर्ने ठानिएको छ ।

# मिथिलामा विवाह पञ्चमी महोत्सवको रौनक

• शीतलप्रसाद महता •

काठमाडौं । त्रेतायुगमा मर्यादा पुरूषोत्तम राम र आदर्श नारी सीताबीच भएको वैवाहिक महोत्सवको स्मरण गर्दै प्रत्येक वर्ष जनकपुरधाममा विवाहपञ्चमी पर्व मनाउने गरिन्छ । यस वर्ष मङ्सिर १६ गतेदेखि सुरू भएको विवाहपञ्चमी मङ्सिर २२ गतेसम्म सञ्चालन हुनेछ । त्रेता युगको झल्को दिने विवाहपञ्चमी महोत्सवको रौनक यतिखेर नेपाल र भारतका सम्पूर्ण मिथिला क्षेत्रमा देखिएको छ । विवाहपञ्चमी महोत्सवमा सहभागी हुन नेपाल तथा छिमेक मुलुक भारतका विभिन्न स्थानबाट हजारौँ साधुसन्त तथा दर्शनार्थी जनकपुरधाम आउने क्रम जारी छ । आएका दर्शनार्थी बाह्रबिघा मैदान, जानकी मन्दिरको प्राङ्गण, सडकपेटी, विभिन्न मठमन्दिर, कुटी तथा संघसंस्थामा बास बसेका छन् ।

त्रेतायुगमा अयोध्याका राजा दशरथपुत्र भगवान श्री राम र जनकपुरका राजा जनकपुत्री माता सीताको विवाह यही जनकपुरमा भएको दिनलाई सम्झँदै प्रत्येक वर्ष अयोध्याबाट जनकपुर जन्ती आउने र विवाह महोत्सव सम्पन्न गर्ने चलन रहँदै आएको छ । यस अवसरमा प्रत्येक वर्ष झैँ यस वर्ष पनि अयोध्यासहित भारतका प्रसिद्ध तथा प्रख्यात् मठमन्दिरका महन्त, जोगी सन्न्यासी, हजारौँ साधु, सन्त, महात्मा सो विवाह महोत्सवमा उपस्थित हुनका लागि जनकपुरधाममा आइसक्नुभएको छ भने कतिपय आउने क्रम जारी छ । सयौँ रथ, बाजागाजा, नाचसहित जन्ती आउने चलन छ । सोहीअनुरूप विगत केही दिनदेखि अयोध्याबाट हजारौँ जन्ती तथा दर्शनार्थी जनकपुर आउने क्रम जारी छ । प्रत्येक वर्ष महोत्तरीको मटिहानी हुँदै जन्ती, लावालस्करसहित जनकपुर आउने गर्छन् भने मटिहानीस्थित लक्ष्मीनारायण मठमा पनि विशेष पूजाअर्जना गर्ने चलन छ ।

**विवाह पञ्चमी महोत्सव भव्य र सभ्यरूपमा मनाउने**

मार्गशीर्ष शुक्ल पञ्चमीमा जनकपुरधाममा मनाइने विवाहपञ्चमी महामहोत्सवलाई यो वर्ष प्रदेश सरकारले भव्यरूपमा मनाउने भएको छ । मङ्सिर १७ गते भारतको अयोध्याबाट आउने जन्तीलाई भव्य स्वागत गरिनेछ । जन्तीलाई महोत्तरीको मटिहानी आइपुगेपछि मटिहानी नगरपालिकाले स्वागत गर्नेछ । स्वागत तथा रात्रिको भोजन र आवासको व्यवस्थापन पनि मटिहानी नगरपालिकाले गर्ने तयारी गरेको छ । मङ्सिर १८ गते मटिहानीबाट हिँड्ने जन्तीलाई महोत्तरीकै जलेश्वर नगरपालिकाले स्वागत गरेर चिया तथा खाजाको प्रबन्ध गर्नेछ भने सोही दिन पिपरामा जन्तीलाई भोजनको व्यवस्थापन गरिनेछ । सोही दिन साँझ जनकपुरधाम आइपुग्ने जन्ती बाह्रबिघा रङ्गभूमि मैदानमा आयोजना गरिने धनुष यज्ञमा सहभागी हुने कार्यक्रम छ । त्यसैगरी मङ्सिर २१ गते जानकी मन्दिरको प्राङ्गणमा रातमा मैथिली परम्परानुसार भगवान राम र माता सीताको प्रतीकात्मक विवाह उत्सवको कार्यक्रम हुन्छ ।

मङ्सिर १६ गते नगर दर्शनबाट सुरू हुने विवाहपञ्चमी महोत्सवअन्तर्गत १७ गते फूलबारी लीला, १८ गते धनुष यज्ञ, १९ गते तीलकोत्सव, २० गते मटकोर तथा २१ गते विवाहोत्सव र २२ गते रामकलेवाका कार्यक्रम रहेका छन् । जनकपुरधामस्थित जानकी मन्दिरलाई मिथिला दरबारका रूपमा लिइन्छ भने राम मन्दिरलाई अयोध्या दरबारका रूपमा लिइन्छ । हाल जानकी मन्दिर तथा राम मन्दिरलाई बेहुलीझैँ सिङ्गारिएको छ । जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले छोरीको बिहेको आयोजन गरिरहेको जस्तै अनुभव हुन्छ । उहाँले बिहेमा माता सीताको पिता राजा जनकको भूमिका निर्वाह गर्नुहुन्छ । रामजानकी विवाह महोत्सवका लागि महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ अगाडि रहेको लक्ष्मी सागरबाट विवाहको वेदीको माटो खन्ने चलन रहेको छ । विवाहपञ्चमी महोत्सवका लागि अयोध्याबाट दुई दिन पहिलेदेखि नै साधु, सन्त, महात्मा र जन्ती नेपाल प्रवेश गर्न थालेका छन् । अयोध्याबाट आउने जन्ती पहिले महोत्तरीको मटिहानी प्रवेश गर्ने हुँदा मटिहानीवासीले जन्तीलाई फूलमाला, अबिरलगायतले स्वागत गर्ने चलन छ ।


महोत्तरी, धनुषालगायत मिथिला क्षेत्रमा विवाहपञ्चमी उत्सव भएपछि मात्रै स्थानीयले आफ्ना छोराछोरीको विवाह गर्ने परम्परा रहेकाले पनि यो उत्सव सबैले धुमधामसँग मनाउने गर्छन् । विवाहपञ्चमीका अवसरमा प्रत्येक वर्ष जनकपुरधाममा लाखौँ भक्तजनले उत्सवमा सहभागिता जनाउने गर्छन् । विवाहपञ्चमीमा मिथिलाको लोप हुन लागेको कला संस्कृतिहरूको झ-झल्को दिनेजस्ता सांस्कृतिक कार्यक्रमहरूमा हेर्न पाइन्छ । यसमा बालबालिकाहरूलाई राम, सीता, लक्ष्मण बनाई नाटक प्रदर्शन, झाँकी, नाचागान, भजनकीर्तन र भगवानका रूपमा पूजाआजा समेत गरिन्छ । यसले श्रद्धालुलाई निकै उत्साहित बनाउने गर्छन् । बाहिरबाट आएका श्रद्धालु भक्तजनका लागि विभिन्न संघसंस्था तथा स्थानीय क्लबले निःशुल्क आवास, भोजन, उपचार र माइकिङको ठाउँठाउँमा आयोजन गरेको छ ।

**नगर दर्शन**

त्रेता युगमा अयोध्यानरेश दशरथपुत्र मर्यादा पुरूषोत्तम भगवान् राम र मिथिलाका शिरध्वज राजर्षी जनकपुत्री माता जानकीको विवाह भएको स्मरणमा साताव्यापीरूपमा मनाइने विवाहपञ्चमीको पहिलो दिन मङ्सिर १६ गते नगर दर्शन विधि गरिन्छ । जसमा राम लक्ष्मणको प्रतीकस्वरूप बनाइएको राम लक्ष्मणलाई जनकपुरधाम नगरदर्शन गराइन्छ । रासस

## अर्थ

वित्तीय शब्दकोष



ऋषिलाल श्रेष्ठ

### Annual Report (वार्षिक प्रतिवेदन)

१) कम्पनी कानुन अनुसार वार्षिक रूपमा कम्पनी सञ्चालकहरूले आफ्नो कम्पनी सञ्चालन सम्बन्धी विवरण तयार गरी शेयरधनी, सम्बन्धित अन्यलाई जानकारी उपलब्ध गराउनु पर्दछ । कम्पनीले आफ्नो वार्षिक प्रतिवेदनमा अध्यक्ष, कार्यकारी प्रमुखको तर्फबाट कम्पनीको विगत वर्षको सञ्चालन स्थिती अपनाएका नीति, भावी कार्यक्रम र नीति, आर्थिक स्थिती, बजार स्थिती, जनसाधन, आदि विषयमा संक्षेपमा जानकारी दिइनुका साथै कम्पनीको आय व्यय हिसाब, वासलात र सो सम्बन्धी अनुसूचि र विवरणहरू, लेखापरीक्षकको प्रतिवेदन आदि समावेश गरिएको हुन्छ ।

२) बाह्र महिनाको आवधिलाई समेटेर तयार पारिएको प्रतिवेदन ।

### Annualized Basis (वार्षिकी आधार)

कम्पनीहरूले एक वर्ष भन्दा कम अवधिको तथ्याङ्कहरूलाई बढाई एक वर्ष अवधिको अनुमान तयार गरी मानिने वार्षिक आधार अङ्क । यसरी वार्षिकी आधार तयार गर्दा सम्भावित परिवर्तनहरूलाई पनि समावेश गर्ने गरिन्छ ।

# अमेरिकाद्वारा चीनमा चिप निर्यात प्रतिबन्ध

**एजेन्सी**
**वासिङ्टन डिसी, मंसिर १७**

संयुक्त राज्य अमेरिकाले सोमबार नयाँ निर्यात प्रतिबन्धहरु घोषणा गरेको छ । घोषणाले विश्वका दुई सबैभन्दा ठूला अर्थतन्त्रबीचको प्रतिस्पर्धा गहिरो हुँदै गर्दा चीनको उन्नत सेमिकन्डक्टरहरु बनाउने क्षमतालाई लक्षित गरेको छ । सेमिकन्डक्टर हतियार प्रणाली र कृत्रिम बुद्धिमत्ता (एआई)मा प्रयोग हुन्छ ।

'संयुक्त राज्य अमेरिकाले हाम्रो राष्ट्रिय सुरक्षालाई धम्की दिने तरिकाले हाम्रो प्रविधि शत्रुहरुद्वारा प्रयोग हुनबाट बचाउन महत्वपूर्ण कदमहरु चालेको छ', राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले एक विज्ञप्तिमा भने, 'वासिङ्टनले सहयोगी र साझेदारहरूसँग सक्रिय र आक्रामकरूपमा हाम्रो विश्व-अग्रणी प्रविधिहरु र ज्ञानको रक्षा गर्न काम गरिरहनेछ ता कि तिनीहरु हाम्रो राष्ट्रिय सुरक्षालाई कमजोर पार्न प्रयोग हुँदैनन् ।'

यी कदमले चीनमा उच्चस्तरीय एआई चिप्स निर्यातमा रहेका विद्यमान अमेरिकी प्रतिबन्धहरूलाई झन् कडा बनाउँछन् । राष्ट्रपति-निर्वाचित डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फर्कने केही हप्ताअघि यो घोषणा आएको छ । ट्रम्पले चीनमाथि वासिङ्टनको आक्रामक धारणा अपनाउने अपेक्षा गरिएको छ ।

पछिल्लो नियममा चिनियाँ चिप फर्म पायोटेक र सिक्यारियर टेक्नोलोजीसहित एक सय ४० कम्पनीलाई निर्यातमा प्रतिबन्ध लगाइएको छ । वाणिज्य मन्त्रालयका अनुसार चिप उत्पादन गर्ने उपकरण बनाउने नौरा टेक्नोलोजी समूहलाई पनि यसले प्रभावित गर्छ ।

नयाँ नियमहरूमा दुई दर्जन प्रकारका चिप बनाउने उपकरण र सेमिकन्डक्टरहरूको विकास वा उत्पादनका लागि तीन प्रकारका सफ्टवेयर उपकरणहरूमा नियन्त्रण पनि समावेश छन् । 'हामी हाम्रा सहयोगी र साझेदारहरूसँग निरन्तर कुरा गर्दैछौँ, साथै हाम्रा नियन्त्रणहरूको पुनर्मूल्यांकन र अद्यावधिक गर्दैछौँ", उद्योग र सुरक्षा मन्त्रालयका उप-सचिव एलान एस्टेभेजले भने ।

यी प्रयासले ट्रम्पको पहिलो कार्यकालदेखि सुरू भएको नीतिलाई अघि बढाउँछन् । यसको उद्देश्य बेइजिङको प्रविधि अर्थतन्त्रमा अग्रणी स्थान हासिल गर्ने क्षमतालाई रोक्नु थियो । रासस/एएफपी


## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

पदम सिं कार्कीको नाति, हेम बहादुर कार्कीको छोरा, सुर्खेत जिल्ला, बिरेन्द्रनगर गा.वि.स. वडा नं. ४ बस्ने अम्मर बहादुर कार्की (ना.प्र.नं. १२९६, जि.प्र.का.सुर्खेत) ले यस बैंकको कमलबिनायक शाखामा बचत खाता संचालन गर्दै आउनु भएकोमा निज खातावाला अम्मर बहादुर कार्कीको मिति २०८१/०६/०५ मा निधन भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज मृतकको श्रीमती मान कुमारी कार्कीले मिति २०८१/०७/०८ मा निवेदन पेश गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित खातामा भएको रकममा अरु कसैको प्रमाणिक हकदाबी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिमको अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित यस बैंकमा हकदाबी गर्न आउनु होला । अन्यथा निवेदकको माग दाबी बमोजिम भुक्तानीको प्रक्रिया अघि बढाईने व्यहोरा सूचित गरिन्छ ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, कमलबिनायक

## हकदावीको सूचना

बागमती प्रदेश सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं.१ बस्ने श्री लक्ष्मी कान्त कुइकेलको नातीनी, श्री जगनाथ कुइकेलको छोरी, श्री जिवनाथ उपाध्यायको श्रीमति दमन्ति देवि उपाध्यायको मिति बि.सं.२०८१/०७/०२ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. १०१०५०८००५५८१९ र मुद्दती खाता नं. ०७९०३०३०२५१७१६ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाँउ भनि निजको छोरा कुश्माखर नेपालले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ/अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, चौतारा, सिन्धुपाल्चोक
फोन नं.- ०११-६२०४१२, ०११-६२०४१३

## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

जान्की यादवको नाति, भुट्टा यादवको छोरा, धनुषा जिल्ला, बनिनिया गा.पा. वडा नं. २ हाल धनुषा जिल्ला, लक्षिमिनिया न.पा./गा.पा. वडा नं. ५ बस्ने राम दयाल यादव (ना.प्र.नं. ०७७४१६३९, जि.प्र.का. धनुषा) ले यस बैंकको ढल्केबर शाखामा बचत/चल्ती/मुद्दती खाता संचालन गर्दै आउनु भएकोमा निज खाताबाला राम दयाल यादबको मिति २०८०/१०/०४ मा निधन भएकोले यस बैंकमा रहेको निजको बचत/चल्ती/मुद्दती खाताको रकम भुक्तानी पाउँ भनि निज मृतकको श्रीमती जसोधिया यादवले मिति २०८१/०८/०९ मा निवेदन पेश गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित खातामा भएको रकममा अरु कसैको प्रमाणिक हकदाबी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिमको अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित यस बैंकमा हकदाबी गर्न आउनु होला । अन्यथा निवेदकको माग दाबी बमोजिम भुक्तानीको प्रक्रिया अघि बढाईने व्यहोरा सूचित गरिन्छ ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, ढल्केबर

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

श्री जरमान गुरुङको छोरी, श्री हर्क बहादुर गुरुङको पत्नी सोलुखम्बु जिल्ला, थुलुङ दुधकोशी गा.वि.स. वडा नं. ४ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. ७ चाबहिल बस्ने श्रीमती हरीमाया गुरुङ ले यस बौद्ध शाखामा बचत खाता नं. २०५१५२४०३०००४७ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०६/१६ मा निज खातावाला श्रीमती हरीमाया गुरुङको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने श्री शेर बहादुर गुरुङले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक श्रीमती हरीमाया गुरुङको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बौद्ध शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
बौद्ध शाखा, काठमाडौं
फोन नम्बर:- ९७७-०१-४५६१४५२

## नबिल बैंक लिमिटेड, जनकपुर पिडारीचोक शाखा, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/०८/१८)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०२/३२ को आर्थीक अभियान दैनिक पत्रिकामा** प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **जनकपुर पिडारीचोक शाखा, धनुषा** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्वन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

अमिरी साह चौधरीकी छोरी, सिंघेश्वर चौधरीकी बुहारी, किशोरी चौधरी कलवारकी श्रीमती, महोत्तरी जिल्ला जलेश्वर नगर पालिका वडा नं. ११ बस्ने, ना.प्र.नं. ३९२३३७८६ (जारी मिति: २०४५/०२/२३, स्थान महोत्तरी) भएकी **धर्मशिला देवी ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. राम शरण चौधरीको नाति सिंघेश्वर चौधरीको छोरा महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ११ बस्ने ना.प्र.नं. ३९२३६५९७ (जारी मिति: २०२८/०७/०२, स्थान महोत्तरी) भएको **किशोरी चौधरी कलवार** ।
२. सिंघेश्वर चौधरीको नाति किशोरी चौधरी कलवारको छोरा धनुषा जिल्ला जनकपुर न.पा वडा नं. १४ बस्ने ना.प्र.नं. ३९६९४९०९ (जारी मिति: २०६३/०८/१०, स्थान धनुषा) भएको **राकेश चौधरी ।**
३.सिंघेश्वर चौधरीको नाति किशोरी चौधरी कलवारको छोरा धनुषा जिल्ला जनकपुर न.पा वडा नं. १४ बस्ने ना.प्र.नं. १७११०२/५८१० (जारी मिति: २०६८/१०/११, स्थान धनुषा) भएको **अशोक चौधरी ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरण:**
महोत्तरी जिल्ला जलेश्वर न.पा वडा नं ११ बस्ने **धर्मशिला देवी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको साविक महोत्तरी जिल्ला निगौल गा.वि.स वडा नं. ६ सिट न ६ख .कित्ता नं ६३९ को क्षेत्रफल ०-६-४-० विघा को जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१.बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **जनकपुर पिडारीचौक शाखा, धनुषा** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०९/०२ गते ३:०० बजे भित्र यस बैंकका **जनकपुर पिडारीचौक शाखा, धनुषा** मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०९/०३ गते ३:०० बजे बैंकको **जनकपुर पिडारीचौक शाखा, धनुषा**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्वन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११.लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **जनकपुर पिडारीचौक शाखा धनुषा** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

## कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

सूचना प्रकाशित मिति : २०८१/०८/१८ गतेको आर्थिक राष्ट्रिय दैनिक
**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/०८/२४ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि ७ **(सात) दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणी/अध्यक्ष/अ.प्रा.व्यक्ति/जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **१. ऋणीको नामः इन्जिनियर्स निर्माण सेवा प्रा.लि.**<br>दर्ता गर्ने कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं.: १७३०२४/०७४/०७५<br>दर्ता मितिः २०७४/०४/२९, पान नं. ६०६९०५३६५<br>ठेगानाः बुटवल उ.म.न.पा. ११, कालिकानगर, रुपन्देही<br>**अध्यक्ष/अ.प्रा.व्यक्ति/जमानीकर्ताको नामः अर्जुन पोखरेल**<br>बुबाको नामः मेघ नाथ पोखरेल<br>बाजेको नामः जय भद्र पोखरेल<br>ठेगानाः फुजेल-०३, गोरखा<br>हालः बुटवल-०८, रुपन्देही<br>ना.प्र.नं.: ४४१०१०/१४०<br>जारी मितिः २०६५/०३/१८<br>जारी गर्ने कार्यालयः जि.प्र.का., गोरखा<br>**कर्जा लिएको शाखा : बुटवल, रुपन्देही** | **क) नामः गणेश खरेल (सञ्चालक)**<br>बुबाको नामः घनश्याम खरेल<br>बाजेको नामः सिताराम खरेल<br>ठेगानाः दिबुङ्ग-०६, गुल्मी<br>हालः तिलोत्तमा-०५, रुपन्देही<br>ना.प्र.नं.: ४११०४४/९७८९२, जारी मितिः २०६८/०२/३०<br>जारी गर्ने कार्यालय जि.प्र.का., गुल्मी<br>**ख) नामः अर्जुन पन्त**<br>बुबाको नामः खोम प्रसाद पन्त<br>बाजेको नामः चुडामणी पन्त<br>ठेगानाः गण्डकी-०४, गोरखा<br>हालः काठमाडौं-१६, काठमाडौं<br>ना.प्र.नं.: ४४१०१०/२८२, जारी मितिः २०६६/०२/३१<br>जारी गर्ने कार्यालयः जि.प्र.का., गोरखा<br>**ग) नामः रुपा (खरेल) शर्मा (सञ्चालक)**<br>बुबाको नाम : घनश्याम खरेल<br>पतिको नामः विष्णु प्रसाद शर्मा<br>ससुराको नाम : रविलाल शर्मा<br>ठेगानाः हरेवा-०४, गुल्मी, हालः चन्द्रकोट-०६, गुल्मी<br>ना.प्र.नं.: ९३८३, जारी मिति : २०५६/०५/३०<br>जारी गर्ने कार्यालयः जि.प्र.का., गुल्मी |
| **सुरक्षणमा रहेको धितोको विवरणः** यस डेभलपमेन्ट बैंकको नाममा दर्ता भई ऋणी **इन्जिनियर्स निर्माण सेवा प्रा.लि.** कायम रहेको निम्न अनुसारको सवारी साधन थान २ । | |
| **१) सवारी दर्ता नं. : ना ८ ख ४६०**<br>कम्पनीको नाम : महिन्द्रा एण्ड महिन्द्रा<br>मोडेल : TORRO 25<br>सवारीको नाम : टिप्पर<br>बनेको साल : २०१८<br>सि.सि./हर्ष पावर : 202 HP.<br>ईन्जिन नम्बर : BAHZC12771<br>च्यासिस नम्बर : MA1QDAHRCJ6B98877<br>सवारीको रङ्ग : पहेलो खरानी, सवारीको प्रयोग : भाडा | **२) सवारी दर्ता नं. : ना ८ ख ३२०४**<br>कम्पनीको नाम : महिन्द्रा एण्ड महिन्द्रा<br>मोडेल : TORRO 25<br>सवारीको नाम : टिप्पर<br>बनेको साल : २०१८<br>सि.सि./हर्ष पावर : ७११८ सि.सि<br>ईन्जिन नम्बर : BAJZG18968<br>च्यासिस नम्बर : MA1QDAHRCJ6H99120<br>सवारीको रङ्ग : पहेलो खरानी, सवारीको प्रयोग : भाडा |

| ऋणी/प्रोप्राइटर/जमानिकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **२. ऋणीः चौधरी कृषि तथा पशुपक्षी फर्म**<br>दर्ता गर्ने कार्यालय : उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेत<br>उद्योग दर्ता नं./प्रा.फ.नं. : ७३९५/०७७-०७८<br>दर्ता मिति : २०७७/१०/०८<br>ठेगाना : वीरेन्द्रनगर न.पा.-०२, सुर्खेत<br>पान नं : ६१४८८८२०१<br>**संचालक/जमानीकर्ताको नामः गणेश थारु**<br>बाबुको नाम : मगलु थारु<br>बाजेको नाम : बासे थारु<br>ठेगाना : उत्तरगंगा-०७, सुर्खेत<br>हालको ठेगान : वीरेन्द्रनगर-०२, सुर्खेत<br>ना.प्र.नं. : ६३२५४, जारी मिति : २०६०/०६/०७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सुर्खेत<br>**कर्जा लिएको शाखा : एरिचोक, सुर्खेत** | **क) नामः खुमा चौधरी**<br>बाबुको नाम : कालुराम थारु<br>पतिको नाम : गणेश थारु<br>ससुराको नाम : मगलु थारु<br>ठेगाना : लाटिकोइली-०७, सुर्खेत<br>हालको ठेगान : वीरेन्द्रनगर-०२, सुर्खेत<br>ना.प्र.नं. : ६४-०१-६९-०३०२३<br>जारी मिति : २०६९/१०/२२<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सुर्खेत<br>**सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय सुर्खेतमा गणेश थारुको नाममा दर्ता श्रेष्ता कायम रहेको लाटीकोइली-८ख, सुर्खेत स्थित कित्ता नं. ११५३ को क्षेत्रफल १६९.३२ व.मि. को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

## उत्तरगया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०८/१८

प्रस्तुत विषयमा यस उत्तरगया गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिलको कार्यका लागि मिति २०८१/०६/११ गते राष्ट्रियस्तरको पत्रिकामा विद्युतिय बोलपत्र आह्वानको सूचना प्रकाशन भए अनुसार यस कार्यालयमा रितपुर्वक पेश भएका विद्युतिय बोलपत्रबाट तपशिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशिन गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नम्बर | योजनाको नाम | स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | URM/NCB/ WORKS/2081-082/2 | वडा नम्बर ५ कार्यालय भवन निर्माण | K. B. Construction, विदुर-९, नुवाकोट | रु. १,०८,८२,७५०।५५ |

**प्रमुख प्रशासकीय अधिकृत**

# हिमालयन एभरेस्ट इन्स्योरेन्सको वार्षिकोत्सव सम्पन्न

आर्थिक संवाददाता
काठमाडौं, मंसिर १७




हिमालयन एभरेस्ट इन्स्योरेन्सको ३१ औँ वार्षिकोत्सव सम्पन्न भएको छ । तीन दशकभन्दा लामो इतिहास बोकेको कम्पनीले नेपालको निर्जीवन बीमा क्षेत्रलाई आधुनिक बनाउँदै उत्कृष्ट सेवा प्रवाह गर्दै आएको छ ।

हिमालयन एभरेस्ट इन्स्योरेन्स नेपालको बीमा क्षेत्रको विकासमा महत्वपूर्ण खम्बाको रूपमा रहेको छ । समयसँगै हिमालयन एभरेस्ट इन्स्योरेन्सले बीमाको दायरा फराकिलो बनाउँदै, जोखिम व्यवस्थापनको क्षमता विस्तार गर्दै र ग्राहक सेवामा नवीनता थप्न सफल भएको छ । कम्पनीले व्यक्तिगत, कर्पोरेट तथा कृषि बीमा उपलब्ध गराउँदै आएको छ । व्यक्तिगत बीमाअन्तर्गत सवारी साधन बीमा, व्यक्तिगत दुर्घटना बीमा र यात्रा बीमा रहेका छन् भने कर्पोरेट बीमाअन्तर्गत भवन बीमा, उद्योग, सामुन्द्रिक, हवाई र इन्जिनियरिङ बीमा सेवा समावेश छन् । त्यसैगरी कृषि बीमाअन्तर्गत गाईवस्तु र बाली बीमा रहेका छन् । कम्पनीले डिजिटल माध्यमबाट बीमाको दाबी सजिलै गर्न मिल्ने 'स्मार्ट क्लेम' सेवा पनि उपलब्ध गराएको छ ।

कम्पनीले हालै सिँगापुरमा आयोजित 'इन्स्योरेन्स एसिया अवार्ड २०२४' मा 'डोमेस्टिक जेनेरल इन्स्योरर-नेपाल' र स्ट्राटेजिक पार्टनरसिप अफ द इयर-नेपाल' गरी दुई प्रतिष्ठित अवार्डहरु जित्न सफल भएको थियो । कम्पनीको वार्षिकोत्सवको अवसरमा आफ्नो विचार व्यक्त गर्दै प्रमुख कार्यकारी अधिकृत अन्जु श्रेष्ठले भनिन्, 'हिमालयन एभरेस्ट इन्स्योरेन्सले तीन दशकको यात्रामा नवीनता, पारदर्शिता र ग्राहक केन्द्रित सेवामा ध्यान दिंदै आएको छ । हाम्रो उद्देश्य ग्राहकहरूलाई छिटो र विश्वसनीय सेवा प्रदान गर्दै नेपालको अर्थतन्त्र र पूर्वाधारको विकासमा योगदान पुऱ्याउनु हो । यो अवसरमा हामी सबै ग्राहक, कर्मचारी र साझेदारहरूलाई धन्यवाद दिन चाहन्छौँ जसको योगदानले हामी ३१औँ वर्ष पूरा गर्न सफल भएका छौँ ।'

त्यसैगरी कम्पनीका फाउन्डिङ एमडी एवम् अध्यक्ष महेन्द्र कृष्ण श्रेष्ठले पनि यस अवसरमा आफ्नो विचार राख्दै भने, 'यस ३१ वर्षको यो महत्वपूर्ण उपलब्धि केवल समयको उत्सव मात्र नभई हिमालयन एभरेस्ट इन्स्योरेन्स परिवारको अथक मेहनत र समर्पणको प्रमाण हो, हाम्रा ग्राहकको हामीमाथिको विश्वास र सम्पूर्ण साझेदारहरूको समर्थनको प्रमाण हो । अब भविष्यतर्फअघि बढ्दै गर्दा हाम्रो ध्यान ग्राहकहरूलाई थप मूल्य प्रदान गर्ने, प्रविधिगत क्षमताहरूलाई सुदृढ गर्ने र नेपालको आर्थिक तथा सामाजिक विकासमा अर्थपूर्ण योगदान पुऱ्याउनमा केन्द्रित रहनेछ । हामी व्यक्ति तथा व्यवसायहरूलाई सशक्त बनाउनका लागि आत्मविश्वास प्रदान गर्ने हाम्रो लक्ष्यलाई निरन्तर कायम राख्ने प्रतिबद्धतामा दृढ छौँ ।'

हिमालयन एभरेस्ट इन्स्योरेन्सले आगामी वर्षहरूमा थप नयाँ प्रविधिले बीमा सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने योजना बनाएको छ ।

# नेसनल लाइफको मिट द सीईओ कार्यक्रम सम्पन्न




आर्थिक संवाददाता
काठमाडौं, मंसिर १७

नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले मासिक योजनाअन्तर्गत तोकिएको लक्ष्य पूरा गर्ने अभिकर्ताहरूलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृतसँग साक्षात्कारसहितको डिनर कार्यक्रम 'मिट द सीईओ' कार्यक्रम सम्पन्न गरेको छ ।

लुम्बिनी प्रदेशबाट योग्य भएका करिब ५५ जना अभिकर्ताहरु, विभागीय प्रमुख, एवं लुम्बिनी प्रदेशअन्तर्गत रहेका शाखा प्रमुखहरूको सहभागितामा प्रमुख कार्यकारी अधिकृतले लक्ष्य पूरा गर्ने सबै अभिकर्ताहरूलाई मायाको चिनो प्रदान गरेका थिए । साथै, स्किमा व्यवस्था भएअनुरूप अर्ली क्वालिफायर विजेता र सर्टिफिकेट अफ एक्सिलेन्स प्राप्त गर्न सफल अभिकर्ताहरूलाई विशेष सम्मान गरिएको थियो ।

प्रमुख कार्यकारी अधिकृतले यस कार्यक्रममा छनोट हुने सम्पूर्ण अभिकर्ताहरूलाई प्रदेशस्तरीय सम्मान गर्ने क्रममा लुम्बिनी प्रदेशबाट छनौट हुने अभिकर्ताहरूलाई सम्मान गरेका थिए । समारोहमा प्रमुख कार्यकारी अधिकृतले समय सान्दर्भिक योजनाहरु प्रस्तुत गर्ने क्रममा मिट द सीईओ स्किम ल्याइएको र नेपालभरबाट तीन सय जनाभन्दा बढी अभिकर्ताहरु छनौट भएकोमा लुम्बिनी प्रदेशबाट मात्रै ५५ जना अभिकर्ताहरु छनौट हुन सफल भएकाले यस स्किममा जोडिने सम्पूर्ण अभिकर्ताहरूलाई बधाई ज्ञापन गरे ।

कार्यक्रममा सहभागी अभिकर्ताहरूले कम्पनीका प्रमुख कार्यकारी अधिकृत समक्ष बीमा व्यवसायमा भोगेका समस्या, गुनासा, कम्पनीले सुधार गर्नुपर्ने पक्षहरूका बारेमा विस्तृत छलफल गर्न पाएकोमा खुसी व्यक्त गरेका थिए । यस योजनाले अभिकर्ता र सीईओ दुवैलाई प्रत्यक्षरूपमा जोडी अन्तर्क्रिया गर्ने अवसर जुराउँदा अभिकर्ता तथा कम्पनी दुवै पक्षलाई हित हुने भएकाले यस प्रकारको योजना आगामी दिनहरूमा पनि ल्याउनुपर्ने सुझाव दिएका थिए ।


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल मंसिर महिना १८ गते मंगलबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउ नु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएको ले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**१. शाखा कार्यालय : जनकपुर शाखा** — **कर्जा शीर्षक : घर कर्जा**

| ऋणीको विवरण |
|---|
| रामनारायन सिंहको बुहारी विश्वजंग सिंहको पत्नी सर्लाही जिल्ला ईश्वरपुर न.पा. वडा नं. ७ हाल, धनुषा जिल्ला धनुषाधाम न.पा. वडा नं. १ बस्ने **चन्द्र कला सिंह** (ना.प्र.नं. : १७१०४७/६९ जारी मिति र जिल्ला : २०६५/०५/२७, सर्लाही) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) नैवेद सिंह दनुवारको नाति अच्छेश्वर सिंह दनुवारको छोरा धनुषा जिल्ला गोविन्दपुर गा.वि.स. वडा नं. २ हाल, धनुषा जिल्ला धनुषाधाम न.पा. वडा नं. १ बस्ने **बिर देव सिंह दनुवार** (ना.प्र.नं. : २६३२१६५६ जारी मिति र जिल्ला : २०४४/०१/१७, धनुषा) |

**२. शाखा कार्यालय : नदिपुर शाखा** — **कर्जा शीर्षक : टर्म फेलेक्जी व्यावसायिक कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **होटल गुरुङ कटेज** प्रोप्राइटरको नाम : नजरमान गुरुङ दर्ता नं. : ४-३९-०१-०७-२-७७<br>दर्ता गर्ने कार्यालय : अन्नपूर्ण गाउँपालिका दर्ता मिति : २०७५-०८-०१<br>रजिष्टर्ड ठेगाना : कास्की जिल्ला अन्नपुर्ण गा.पा. वडा नं.७ स्थायी लेखा नं. : ६०८७९०६११ |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) बुधिरास गुरुङको नाति तुल बहादुर गुरुङको छोरा कास्की जिल्ला अन्नपुर्ण गा.पा. वडा नं. ७ बस्ने **नजरमान गुरुङ** (ना.प्र.नं. : १५००६३ जारी मिति र जिल्ला : २०६१/०५/१३, कास्की) |
| २) खर्क सिंह गुरुङको नाति बुधिरास गुरुङको छोरा कास्की जिल्ला लुम्ले गाँउ पञ्चायत वडा नं. ९ हाल, अन्नपुर्ण वडा नं. ७ बस्ने **तुल बहादुर गुरुङ** (ना.प्र.नं. : ७०५ जारी मिति र जिल्ला : २०४३/१०/०५, कास्की) |
| ३) बुधिरास गुरुङको बुहारी तुल बहादुर गुरुङको पत्नी कास्की जिल्ला लुम्ले गाँउ पञ्चायत वडा नं. ९ हाल, अन्नपुर्ण वडा नं. ७ बस्ने **बिरसुभा गुरुङ** (ना.प्र.नं. : ६६५ जारी मिति र जिल्ला : २०४४/१२/६, कास्की) |
| ४) तुल बहादुर गुरुङको बुहारी नजरमान गुरुङको पत्नी कास्की जिल्ला अन्नपुर्ण गा.पा. वडा नं. ७ बस्ने **विमला गुरुङ** (ना.प्र.नं. : ३५-०१-७२-०२७१९ जारी मिति र जिल्ला : २०७२/०३/१६, कास्की) |

**३. शाखा कार्यालय : नारायणगढ शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

| ऋणीको विवरण |
|---|
| नारायणदत्त घिमिरेको नाति जीवनाथ घिमिरेको छोरा चितवन जिल्ला गुञ्जनगर गा.वि.स. वडा नं. ३ हाल, भरतपुर वडा नं. १ बस्ने **रमेश प्रसाद घिमिरे** (ना.प्र.नं. : ३६७६ जारी मिति र जिल्ला : २०४०/०४/१२, चितवन) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) जीवनाथ घिमिरेको बुहारी रमेश प्रसाद घिमिरेको पत्नी चितवन जिल्ला चैनपुर गाँउ पञ्चायत वडा नं. ९ हाल, भरतपुर वडा नं. १ बस्ने **एलिजा अधिकारि** (ना.प्र.नं. : २२ जारी मिति र जिल्ला : २०४३/११/२२, काठमाडौं) |
| २) जीवनाथ घिमिरेको नाति रमेश प्रसाद घिमिरेको छोरा चितवन जिल्ला गुञ्जनगर गा.वि.स. वडा नं. ३ हाल, भरतपुर वडा नं. १ बस्ने **अवित घिमिरे** (ना.प्र.नं. : ३५१०३१/७१ जारी मिति र जिल्ला : २०६७/०२/३१, चितवन) |
| ३) रमेश प्रसाद घिमिरेको बुहारी अवित घिमिरेको पत्नी चितवन जिल्ला गुञ्जनगर गा.वि.स. वडा नं. ३ हाल, भरतपुर वडा नं. १ बस्ने **प्रभा अधिकारि(घिमिरे)** (ना.प्र.नं. : ३५१०३१/७३५ जारी मिति र जिल्ला : २०६८/०६/२५, चितवन) |

**४. शाखा कार्यालय : नारायणगढ शाखा** — **कर्जा शीर्षक : व्यावसायिक आवधिक कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **गार्भि मेडिकल हल** प्रोप्राइटरको नाम : प्रभा अधिकारि घिमिरे प्रा.फ.र.नं. : १६५२/२०७७/२०७८<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवन दर्ता मिति : २०७७/११/१८<br>रजिष्टर्ड ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १० स्थायी लेखा नं. : ६१३९१६३३६ |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) नारायणदत्त घिमिरेको नाति जीवनाथ घिमिरेको छोरा चितवन जिल्ला गुञ्जनगर गा.वि.स. वडा नं. ३ हाल, भरतपुर वडा नं. १ बस्ने **रमेश प्रसाद घिमिरे** (ना.प्र.नं. : ३६७६ जारी मिति र जिल्ला : २०४०/०४/१२, चितवन) |
| २) जीवनाथ घिमिरेको बुहारी रमेश प्रसाद घिमिरेको पत्नी चितवन जिल्ला चैनपुर गाँउ पञ्चायत वडा नं. ९ हाल, भरतपुर वडा नं. १ बस्ने **एलिजा अधिकारि** (ना.प्र.नं. : २२ जारी मिति र जिल्ला : २०४३/११/२२, काठमाडौं) |
| ३) जीवनाथ घिमिरेको नाति रमेश प्रसाद घिमिरेको छोरा चितवन जिल्ला गुञ्जनगर गा.वि.स. वडा नं. ३ हाल, भरतपुर वडा नं. १ बस्ने **अवित घिमिरे** (ना.प्र.नं. : ३५१०३१/७१ जारी मिति र जिल्ला : २०६७/०२/३१, चितवन) |
| ४) रमेश प्रसाद घिमिरेको बुहारी अवित घिमिरेको पत्नी चितवन जिल्ला गुञ्जनगर गा.वि.स. वडा नं. ३ हाल, भरतपुर वडा नं. १ बस्ने **प्रभा अधिकारि(घिमिरे)** (ना.प्र.नं. : ३५१०३१/७३५ जारी मिति र जिल्ला : २०६८/०६/२५, चितवन) |

**५. शाखा कार्यालय : पर्सा शाखा** — **कर्जा शीर्षक : आवधिक मोर्टगेज कर्जा**

| ऋणीको विवरण |
|---|
| युवराज अर्यालको नाति नवराज अर्यालको छोरा चितवन जिल्ला वीरेन्द्रनगर गा.वि.स. वडा नं. ४ हाल, राप्ती न.पा वडा नं. ८ बस्ने **रबिन अर्याल** (ना.प्र.नं. : ५०६१६ जारी मिति र जिल्ला : २०६६/११/२३, चितवन) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) नवराज अर्यालको बुहारी रबिन अर्यालको पत्नी नुवाकोट जिल्ला कुमारी गा.वि.स. वडा नं. ६ हाल, चितवन जिल्ला राप्ती न.पा वडा नं. ८ बस्ने **अञ्जना न्यौपाने** (ना.प्र.नं. : २५-०१-७३-०१६३१ जारी मिति र जिल्ला : २०७३/०२/११, नुवाकोट) |

**६. शाखा कार्यालय : सुख्खड शाखा** — **कर्जा शीर्षक : मुक्तिनाथ सरल व्यावसायिक आवधिक कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **साई बाबा एग्रीकल्चर प्रा.ली.** अख्तियार प्राप्त व्यक्ति : पदम बहादुर बोहरा<br>दर्ता नं. : २११५७९/०७५/०७६<br>दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर दर्ता मिति : २०७५/१२/१२<br>रजिष्टर्ड ठेगाना : कैलाली जिल्ला भजनी न.पा. वडा नं. ४ स्थायी लेखा नं. : ६०६८१२८९० |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
